का.जि.प्र.का.द.नं. १००/०५९/६०


७ साउन २०८०,
आइतबार
23 July 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १७८ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## सुन तस्करी
# तस्करले बदलेको मार्ग

नेपालको स्थलमार्ग भएर अवैध सुन भारततर्फ लैजान तस्करहरूले सात वर्षदेखि हवाइ मार्ग प्रयोगलाई बढाएका छन् । भूकम्पले चीनसँग जोडिने नाका तातोपानी सञ्चालन नहुँदा तस्करहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको सुरक्षा घेरा तोडेर सुन लैजान थालेका छन् ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

३ साउनमा सिनामंगलबाट बरामद भएको एक क्विन्टल बढी सुनको कारोबारमा संलग्न भएको आशंकामा नेपाल प्रहरीले १० जनालाई नियन्त्रणमा लिएको छ। सुन बरामद भएकै दिन ६ जनालाई नियन्त्रणमा लिएको थियो । यसपछि थप चार जना पक्राउ गरेर प्रहरीले अनुसन्धान गरिरहेको छ ।

अनुसन्धानका लागि उच्च अदालत पाटनबाट अदालतले १० दिनको म्याद थप गरिसकेको छ । यसरी सुनसँगै पक्राउ पर्नेको संख्या ९ वर्षमा सात सय जना नाघिसकेको छ। बरामद सुनको मात्रा ६६५ किलो नाघेको छ ।

आर्थिक वर्ष २०७१/०७२ मा वर्षभर गरी १७१ किलो सुन बरामद भएको थियो । तर एकैपटक बरामद भएको सुनको मात्रा यसपटक ठूलो हो । यसअघि २०७४ को भदौमा ८८ किलो सुन सहित एक जना भारतीय नागरिक पक्राउ परेका थिए ।

आव २०७२/०७३ मा ७२ किलो सुनसहित ९८ जना, आव २०७३/०७४ मा ६४ किलो सुनसहित ८५ जना, आव २०७४/०७५ मा ५२ किलो सुनसहित ११५ जना, आव २०७६/०७७ मा ३० किलो सुनसहित ३० जना, आव २०७७/०७८ मा ३२ किलो सुनसहित ५५ जना, आव २०७८/०७९ मा २४ किलो सुनसहित ८८ जना पक्राउ परेका थिए ।

गत आर्थिक वर्ष ११ किलो सुनसहित ९१ जना पक्राउ परेका थिए । यसरी ठूलो मात्रामा सुन बरामद हुने क्रम नरोकिएको तथ्य गत ३ साउनको घटनाले पुष्टि गरेको छ । त्यसदिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सारमा जाँचपास कटेर सिनामंगल पुगिसके को अवस्थामा क्विन्टल सुन बरामद गरियो।हङकङबाट विमानमा आएको सुन भन्सार कटिसकेको

पृष्ठ २ मा

## बरामद सुन के हुन्छ ?

नेपाल प्रहरी, राजश्व अनुसन्धान विभाग र भन्सारबाट वर्षेनि यति ठूलो मात्रामा बरामद हुने सुन के हुन्छ त ? अधिकारीहरुका अनुसार, बरामद भएको सुन राष्ट्र बैंकले राख्ने गर्छ। यसपटक बरामद भएको सुन पनि राष्ट्र बैंकले लिइसकेको छ । सुन राखिसकेपछि त्यसको बजार मूल्य बराबरको रकम राजश्व अनुसन्धान विभागको खातामा जम्मा गरिदिन्छ । अतः त्यो रकम राज्यको खातामा जम्मा हुन्छ। सुन चाहिँ राष्ट्र बैंकले आफ्नो गोदाममा राख्छ । अभिव्यक्तिलाई समातेर कार्बाही अगाडि बढाउँछ ।

प्रहरी, भन्सार र राजश्व विभागले पटकपटक बरामद गरेको सुन यसरी नै राष्ट्र बैंकको गोदाममा थन्काइएको छ र त्यसको बजार मूल्य बराबरको रकम संकलन भएको छ । तर गहना बनाइसकेको सुन भने पहिले शुद्धता परीक्षण गर्नुपर्ने हुन्छ । शुद्धता परीक्षण पश्चात् सुन गोदाममा थन्काउने र त्यसको मूल्य खातामा जम्मा गरिन्छ । गोदाममा राखिएको सुन राष्ट्र बैंकले आफ्नो प्रयोजन अनुसार चलाउने गर्छ ।

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता विमिराहरु आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# २५ सदस्यीय चिनियाँ टोली नेपाल आउँदै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन ।




चिनियाँ उच्चस्तरीय टोली नेपाल आउन लागेको छ। नेकपा कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलालको स्मृति दिवसको दिन आइतबार जनगणतन्त्र चीनका चिनियाँ कम्युनिष्ट पार्टीका पोलिटब्यूरो सदस्य युआन च्या नेपाल आउन लागेका हुन् ।

च्या २५ सदस्यीय टोलीसहित महत्वपूर्ण राजनीतिक भेटवार्ताका लागि नेपाल आउन लागेका हुन् ।

च्याको भ्रमणको चाँजोपाँजो मिलाउन चीनको नेपाल मामला प्रमुख सरला नेपाल आइसकेकी छन् । चिनियाँ विदेश विभागकी कूटनीतिज्ञले आफ्नो नेपाली नाम सरला राखेकी छन्। शनिवार नेपाल आइपुगेकी सरलाले च्याको भ्रमण तालिका र भेटघाटको तालिका मिलाइरहेकी छन्। च्याले कम्युनिष्ट पार्टीका शीर्ष नेता र कांग्रेस सभापति शेरबहादुर देउवासँग भेटघाट गर्ने बताइएको छ ।

आगामी सेप्टेम्बरमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चीनको भ्रमण गर्ने तयारी छ ।



कुटनीतिक क्षेत्रका जानकारहरुका अनुसार बंगलादेशको अवामी लिग, अफ्रिकन नेशनल कांग्रेस, भारतीय कांग्रेस र नेपालका पार्टीहरु कुनैबेला निकट थिए । अब भाजपाले विगतको यो तस्बिरलाई बदल्ने गरी नेपालका कम्युनिष्टहरुसँग सम्बन्ध बढाउन थालेको हो ।

# नजिकिँदै माओवादी–भाजपा

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

माओवादी केन्द्रका उपाध्यक्ष पम्फा भुसालको नेतृत्वमा माओवादी केन्द्रका नेताहरु भारत भ्रमणमा निस्कँदैछन् । भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा)को निमन्त्रणामा भुसाल नेतृत्वको टोली साताव्यापी भारत भ्रमणको लागि आइतबार नयां दिल्ली जान लागेको हो । 'भाजपालाई चिनौं' भन्ने कार्यक्रममा सहभागी हुन भुसालसहित नेतृ सत्या पहाडी, नेताहरु चक्रपाणि खनाल, रामेश्वर यादव र सुरेश राई भारत जान लागेका हुन् ।

भारतको सत्तारुढ दल भाजपाका अध्यक्ष जेपी नड्डाले पार्टीको ४२ औं स्थापना दिवसको अवसर पारेर विश्वभरबाट विभिन्न राजनीतिक दलका नेताहरुलाई आमन्त्रण गरेका छन्। नेपालबाट भने सत्तारुढ माओवादी केन्द्रका नेताहरुलाई मात्र आमन्त्रण गरिएको हो ।

माओवादी केन्द्र र भाजपाको सम्बन्ध पछिल्लो समय सुमधुर बनाउने प्रयास भएको जानकारहरु बताउंछन् ।

प्रधानमन्त्री समेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले गत महिना मात्र भारत भ्रमणको क्रममा नयां दिल्ली पुगेका थिए । उनले इन्दोरको महाकालेश्वर मेन्दिरमा गेरुबस्त्र लगाएको विषयले नेपालमा ठुलो चर्चा पाएको थियो ।

त्यसलगत्तै प्रचण्ड मन्त्रीहरुसहित पशुपतिको दर्शनमा पुगेका थिए । भाजपाले हिन्दू धर्मको मुद्दालाई राजनीतिक एजेण्डा बनाउंदै आएको छ । उसका कतिपय नेताहरुले नेपाल हिन्दु राज्य हुनुपर्ने अभिव्यक्ति समेत

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# नेपाली कामदारलाई विदेशबाट राहदानी नवीकरण गर्न झन्झट

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन

विभिन्न मुलुकमा कार्यरत नेपाली कामदार हरूले विदेशबाट राहदानी नवीकरण गर्न झन्झट व्यहोर्नुपरेको छ । मलेसियास्थित नेपाली दूतावासमा नेपाली कामदारका अन्य समस्याका भन्दा राहदानी नवीकरणको समस्या गम्भीर रूपमा देखिएको छ ।

दूतावासले प्रत्येक हप्ताको शुक्रबार नेपाली कामदारहरूको प्रत्यक्ष सहभागितामा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । गत शुक्रबारको साप्ताहिक कार्यक्रममा अधिकांश कामदारले आफ्नो राहदानी समयमा नवीकरण भएर नआउँदा समस्या परेको गुनासो गरे । दूतावासकी प्रथम सचिव यशु क्षेत्रीले राहदानीको समस्या लिएर दैनिक ४ सय नेपाली दूतावास आउँदा सेवा सञ्चालनमा समस्या उत्पन्न भएको बताइन् ।

राहदानी विभागले राहदानीमा सेवाका लागि एप्स नै बनाएको छ । तर अधिकांश नेपाली कामदार उक्त एप्स चलाउन नजानेर टाढा-टाढाबाट नेपाली दूतावास आएर राहदानीको फारम भर्ने ठाउँ कता छ ? भन्दै भौंतारिने गरेका छन् । दूतावासले पहिले नै अनुमति अर्थात एपोइन्टमेट लिएकाहरूलाई मात्रै सेवा दिने गरेको छ। तर राहदानीका लागि दूतावासले प्रदान गर्ने सेवाको पर्याप्त जानकारी नपाउँदा कामदारहरू आफूलाई फुर्सद भएको समयमा दूतावास जाने र सेवा नपाइ गुनासो लिएर फर्किनुपर्ने अवस्था

पृष्ठ २ मा

## गुल्मीमा नागरिकताभन्दा राहदानी बनाउने धेरै

**तम्घास/रासस–** गत आर्थिक वर्ष २०७९/८० मा गुल्मीमा नागरिकता बनाउनेभन्दा राहदानी बनाउनेको संख्या बढी देखिएको छ । जिल्ला प्रशासन कार्यालय गुल्मीका अनुसार गत आर्थिक वर्षमा जिल्लामा नागरिकता बनाउनेको संख्याभन्दा राहदानी बनाउनेको संख्या करिब पाँच हजारभन्दा बढी छ। गत आ.व.मा वंशज, वैवाहिक र जन्मका आधारमा १० हजार तीन सय ५५ जनाले नागरिकता बनाएका छन् भने राहदानी बनाउनेको संख्या १५ हजार ८६ जना छन्। कार्यालयका अनुसार जिल्लामा आ.व. २०७८/७९ मा सात

पृष्ठ २ मा

# करको दायरमा अनलाइन व्यापार

विद्युतीय प्लेटफर्म स्थापना गरेपछि वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभागसमक्ष अनलाइन व्यापार गर्न सूचीकरणका लागि निवेदन दिनुपर्ने र सूचीकरण भएर सूचीकरणको नम्बर पाएपछि व्यवसाय गर्न पाउने विधेयकमा उल्लेख छ ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ६ साउन ।

अनलाइन व्यापार (विद्युतीय माध्यमबाट हुने व्यापार) करको दायरामा आउने भएको छ। सरकारले अनलाइन व्यापारलाई नियमन गर्ने गरी 'विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८०' ल्याएको छ ।

उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्री रमेश रिजालले १२ असारमा राष्ट्रियसभामा दर्ता गरेको यो विधेयक दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पुगेको छ ।

अनलाइन व्यापारलाई कानुनी मान्यता दिने र त्यसलाई करको दायरामा ल्याउने उद्देश्यले विधेयक ल्याइएको विधेयकमा सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई विद्युतीय व्यापार भनिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अधिकारीहरुका अनुसार यसमा विज्ञापन, चलचित्र, टेलिभिजन, संगीत, ओभर द टप (ओटीटी),

पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
WE'RE HIRING
A Fair & Ethical Recruitment organization, is opening the vacancy notice for interested candidates on the following position.
International Business Development Officer-2 (Male/Female)
बिदेश बसेर काम गर्न सक्नेलाई बिषेश ग्रहायता दिईनेछ ।
SEND YOUR CV: admdestinyhr@gmail.com
chairman@destinyhrgroup.com.np
015913085
015914085
9851164801
SALARY 75000 Plus Commission
Destiny H.R. Group Pvt. Ltd.
Govt.Lic.No.: 1552/079/080
Pinglasthan, Gaushala-9, Kathmandu.
Website: www.destinyhrgroup.com.np

# ‘बीपीको मेलमिलापको नीति अहिले पनि उत्तिकै सान्दर्भिक’

रेशम अधिकारी/मध्यान्ह
रुपन्देही,६ साउन

नेपाली कांग्रेस रुपन्देहीका सहमहामन्त्री बद्री पाण्डेले अहिलेको सन्दर्भमा पनि बीपी कोइरालाको मेलमिलापको नीति उत्तिकै सान्दर्भिक रहेको बताएका छन् ।

नेपाली कांग्रेस क्षेत्र नम्बर १ का क्षेत्रीय समिति रुपन्देहीले ५१ औं बीपी स्मृति दिवसको अवसरमा ‘बहुआयामीक व्यक्तित्व विश्वेश्वरप्रसाद कोइराला’ विषयक वक्तृत्वकला प्रतियोगितामा प्रमुख अतिथि पाण्डेले बीपीले लिएको नीति व्यवहारमा उर्तान सकेमात्र देशमा समाजवाद स्थापित हुनेमा जोड दिए ।

उनले बीपीको सपना साकार पार्न सम्पूर्ण कार्यकर्ताहरु एकताबद्ध




भएर पार्टीको विकासमा लाग्नुपर्ने बताए । उनले अहिले देशमा संघीय लोकतान्त्रिक स्थापित हुनु बीपीको योगदानले मात्र सम्भव भएको दावी गरे । पाण्डेले समतामुलक समाज निर्माण गर्न नेपाली कांग्रेस बलियो हुनुपर्ने बताउँदै गुटउपगुट नभएर एक ढिक्का भएर लाग्न आग्रह गरे ।

बीपी कोइरालाको बारेमा विद्यार्थीहरुलाई जानकारी दिने उद्देश्यले वक्तृत्वकला प्रतियोगिताको आयोजना गरिएको क्षेत्रीय सभापति हिराबहादुर खत्रीले जानकारी दिए ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश सभा सदस्य अब्दुल रज्जाक, निर्णायक मण्डलका सदस्य सरस्वती तिल्मिसेना लगायतले आ-आफना मन्तव्य राखेका थिए ।

उक्त प्रतियोगिता क्षेत्र नम्बर १ का ३४ वटा विद्यालय सहभागी भएका थिए ।

प्रतियोगितामा आर्यन धमला प्रथम, प्रविन नेपाली द्वितीय, जैविक पाठक तृतीय र दक्षिा केसी, ऋचा दुवे सान्त्वना भएका छन् ।

प्रतियोगितामा प्रथमले नगद ८ हजार, द्वितीयले नगद ६ हजार, तृतीयले नगद ५ हजार र सान्त्वना दुई जनाले एक हजार ४ सय प्राप्त गरेका छन् ।

कार्यक्रममा क्षेत्रीय समितिका उपाध्यक्ष नवीनराज आर्चायको स्वागत र क्षेत्रीय सचिव विजय गुरुङले सञ्चालन गरेका थिए ।

# किसानलाई कृषि सामग्री वितरण

प्रेमचन्द्र झा/मध्यान्ह
रौतहट, ६ साउन

कृषि उत्पादन बढाउन रौतहटको देवाही गोनाही नगरपालिकाले किसानहरूलाई कृषि सामग्री वितरण गरेको छ ।

प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाअन्तर्गत साना व्यवसायिक, कृषि उत्पादन केन्द्र, पकेट विकास कार्यक्रम अन्तर्गत राम सखी कृषक समूह देवाही गोनाही नगरपालिका -७ उचिडिहको आयोजनामा कृषि सामग्री वितरण गरिएको हो ।

सो अवसरमा ५० थान पानी तान्ने मोटर, स्प्रे ट्याङ्की, जिन्क मल्ल वितरण गरिएको नगरपालिकाले जनाएको छ ।

कृषि सामग्री वितरण गर्दै नगर प्रमुख प्रेमलाल साहले आधुनिक प्रविधिको प्रयोगले किसानहरूलाई कृषि कर्म गर्न सहज हुने र उत्पादन पनि बढ्ने बताए ।

नगर प्रमुख साहले किसानले



उत्पादन बढाएमा नगर आत्मनिर्भर हुन सक्ने भएकाले कृषिलाई प्राथमिकता दिएको बताए ।

कृषि क्षेत्र, मल, बीउ बिजन, सिँचाइ लगायत समस्याप्रति आफू जानकार रहेको भन्दै समाधानका लागि निरन्तर लागि परेको पनि उनले बताए ।

कार्यक्रममा नगर उपप्रमुख प्रनिया देवी पटेलले कृषिमा आधुनिकीकरण आवश्यक रहेको बताइन् । नगरले वितरण गरेको उक्त सामग्री प्रयोगबाट कृषि उत्पादन बढ्ने उनले अपेक्षा गरिन् । ‘प्रत्येक वर्ष कृषि क्षेत्रमा प्रयोग हुने सामग्री वितरण गरेका छौं’,उपप्रमुख पटेलले भनिन् ।

किसानहरूलाई सुक्खा खडेरीबाट र अकाशे खेतीलाई जोगाउन उक्त सामग्री वितरण गरिएको आयोजक संस्थाका संस्थापक अध्यक्ष रुपेश पटेलले बताए ।

कार्यक्रम रामसखी कृषक समूह उचिडिहका अध्यक्ष रामएकवाल सिंहको अध्यक्षतामा भएको थियो ।

कार्यक्रममा देवाही गोनाही नगरपालिका वडा नं.३ का वडा अध्यक्ष सन्जय पटेल, वडा न. ६ का वडा अध्यक्ष बिष्णु दास, वडा न.७ का वडा अध्यक्ष उपेन्द्र यादव वडा नं.८ का वडा अध्यक्ष विजय पटेल, स्वास्थ्य संयोजक नागेन्द्र महतो, कृषि तथा पशु संयोजक रामविनय बैठा, समाजसेवी भरत पटेल लगायतको उपस्थिति रहेको थियो ।

# दोर्दीमा निःशुल्क स्वास्थ्य शिविर
## ६ सय ५३ जना लाभान्वित

जनक श्रेष्ठ/मध्यान्ह
लमजुङ, ६ साउन

लमजुङको दोर्दी गाउँपालिका वडा नं. ४ नौथर सेरामा आयोजित निःशुल्क स्वास्थ्य शिविरमा ६ सय ५३ जना लाभान्वित भएका छन् । शनिबार नौथर सेरामा दोर्दी गाउँपालिका, नमूना सामुदायिक अस्पताल, लायन्स क्लव अफ लमजुङ बेसिशहर र बबिता क्लिप्स् इन्टरटेन्मेन्ट लमजुङको संयूक्त आयोजनामा आयोजित शिविरमा दोर्दी गाउँपालिकाका स्थानीय लाभान्वित भएका हुन् । आयोजक अस्पतालका प्रमुख हेमन्त श्रेष्ठका अनुसार ४ सय ५ जना महिला र २ सय ४८ जना पुरुष लाभान्वित भएका छन् । निःशुल्क शिविरमा सामान्य परीक्षण, दन्त सेवा, महिला रोग परीक्षण, छाला रोग, भिडियो एक्सरे, रगत परीक्षण, मनोविमर्श भएको थियो । प्रमुख श्रेष्ठका अनुसार शिविरमा २ सय १५ जनाको भिडियो एक्सरे, १ सय ३८ जनाको सामान्य परीक्षण, ९५ जनाको रगत परीक्षण, ६५ जनाको महिला रोग परीक्षण, ५५ जनाको दन्त परीक्षण, ५५ जनाको छाला रोग परीक्षण, १५ जनाको दात उखालेको र १५ जनाको मनोविमर्श गराइएको थियो ।

शिविरमा स्वास्थ्य परीक्षण गरेकाहरुको पाठेघर, पेटसम्बन्धी, हाडजोर्नी, एलर्जी, छालारोग सम्बन्धी र डिप्रेशन समस्या बढी देखा परेको बताइएको छ । उक्त अस्पतालका प्रमुख श्रेष्ठको नेतृत्वमा महिला रोग विशेषक्ष विजय शाह, शल्य चिकित्सक आशिष गिरीसहित १२ स्वास्थ्यकर्मी शिविरमा खटिएका थिए । पालिका तथा ग्रामीण क्षेत्रका बिरामीलाई लक्षित गरी शिविर सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष युवाराज अधिकारीले बताए ।

# प्रेस युनियन हुम्लाको चौथो अधिवेशन सम्पन्न

मध्यान्ह संवाददाता
हुम्ला, ६ साउन

नेपाल प्रेस युनियन हुम्लाको चौथो जिल्ला अधिवेशन सम्पन्न भएको छ । नेपाली कांग्रेस पार्टी कार्यालय बीपी स्मृती भवनमा शनिबार अधिवेशन सम्पन्न भएको हो । नेपाली कांग्रेसका जिल्ला उपसभापति वसन्त रोकायाको प्रमुख आतिथ्य, महासमिति सदस्य कर्णबहादुर रावलको विशेष आतिथ्यमा सम्पन्न अधिवेशनले पुनः राज शाहीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्य समिति चयन गरेको छ । युनियनको खुल्ला उपाध्यक्षमा छपला लामा, समावेशी उपाध्यक्षमा दलसरा परियार, सचिवमा ओवराज शाही, सहसचिवमा युवराज भण्डारी, कोषाध्यक्षमा लोग भण्डारी र



सदस्यहरुमा कुलविर शाही, रविन भण्डारी, मानबहादुर भक्री, महेश विक्रम थापा र विनोद लामा रहेका छन् ।

कार्यक्रममा प्रमुख अतिथि उपसभापति रोकायाले नेपाल प्रेस युनियनले यो वा त्यो पार्टी नभनी निष्पक्ष कलम चलाउन आग्रह गरेका थिए । महासमिति सदस्य कर्ण रावलले नयाँ कार्य समितिलाई कार्यकाल सफलताको शुभकामना व्यक्त गरे ।

कार्यक्रममा नेपाल ट्रेड युनियनका जिल्ला अध्यक्ष राजन रावत, नेपाली कांग्रेस कर्णाली प्रदेश सदस्य रम्बा शाही, विपि चिन्तन प्रतिष्ठानका जिल्ला अध्यक्ष मधु बस्नेत शाही, रेडियो प्रसारक संघ जिल्ला अध्यक्ष जनक बहादुर शाही, सिमकोट गाउँपालिकाका उपाध्यक्ष सुशिला रोकाया, नाम्खा गाउँपालिका उपाध्यक्ष तक्दिर लामा, नेपाल शिक्षक संघका जिल्ला अध्यक्ष जुनराज हमाल र नेपाल विद्यार्थी संघ हुम्ला काठमाडौं सम्पर्क समितिका अध्यक्ष अंगबहादुर सिंह लगायतको मन्तव्य राखेका थिए ।

**सुन...**

थियो । तर विशेष सूचनाका आधारमा बरामद हुन सक्यो । मोटरसाइकल र स्कुटरको ब्रेक सु बनाएर अवैध सुन भारत लैजाने तयारी भइरहेको थियो । बरामद भएपछि त्यो सुन अहिले राष्ट्र बैंकको गोदाममा पुगिसकेको छ ।

अधिकारीहरुका अनुसार, पछिल्लो ९ वर्षको तथ्य हेर्दा सुन तस्करले नेपाललाई ट्रान्जिट बनाइरहेका छन् । हङकङ, दुबई, चीन लगायत मुलुकबाट नेपाल हुँदै भारततर्फ सुन लैजाने गरिएको छ । भारतको बजार ठूलो भएकाले नेपाल हुँदै त्यहाँ भन्सार छलीको सुन जाने गरेको छ । प्रहरीका अनुसार, २०७२ अगाडि हवाइ नभएर स्थलमार्ग हुँदै तस्करहरुले अवैध सुन लैजाने गरेका थिए । तर भूकम्प पछि तस्करहरुले बाटो बदलेका छन् । भूकम्पले चीनसँगको नाका तातोपानी बन्द भएकाले हवाइ मार्ग भएर अवैध सुन तस्करी हुँदै आएको छ । विमानस्थलको कडा सुरक्षा घेरा पार गरेर भारततर्फ सुन जाने गर्छ ।

तस्करीमा नेपालीहरु समेत सामेल हुँदै आएका छन् । यसपटक पनि दुई जना विदेशी नागरिक बाहेक सबै नेपाली पक्राउ परेका छन् । उनीहरुले नेपालको भूमिमा सुन तस्करलाई सहयोग गरेका थिए । तर अहिलेसम्म सुन बरामद र त्यसमा संलग्न भरिया समात्ने गरिरहेको सरकार पनि अशली तस्करसम्म पुग्न सकेको छैन ।

**नजिकिँदै...**

दिँदै आएका छन् । तर, माओवादी नेताहरु भाजपाको स्थापना दिवसको अवसरमा जान लागिएका कारण अन्य विषयमा चर्चा आवश्यक नरहेको बताउँछन् ।

सरकारको तहमा संवाद भएको एक महिना नबित्दै भाजपाले नेपालका सत्तारुढ पार्टीका नेताहरुसँग संवाद गर्न लागेको हो । बंगलादेशमा सत्तामा रहेको अवामी लिगका नेताहरु पनि यसै साता दिल्ली पुग्नेछन् ।

कुटनीतिक क्षेत्रका जानकार हरुका अनुसार अवामी लिग, अफ्रिकन नेशनल कांग्रेस, भारतीय कांग्रेस र नेपालका पार्टीहरु कुनैबेला निकट थिए । अब भाजपाले विगतको यो तस्बिरलाई बदल्ने गरी नेपालका कम्युनिष्टहरुसँग सम्बन्ध बढाउन थालेको हो ।

**नेपाली...**

रहेको बताइएको छ । विदेशस्थित नेपाली दूतावासहरूले राहदानीको अवधि १८ महिना वा सोभन्दा कम अवधि भएमात्र नवीकरण गर्ने गरेका छन् । मलेसियामा अवधि रकिएको राहदानी बनाउँदा २ सय ४० र हराएको वा कोरिएर पुनः बनाउनुपर्ने भएमा त्यसको दोब्बर दस्तुर लाग्ने गरेको छ ।

मलेसियामा वैदेशिक रोजगारमा विगत दुई वर्षमा ठूलो संख्यामा नेपाली कामदार पुगेका छन् । कतिपय कामदारहरूले अहिले पनि राहदानी कम्पनीले राखिदिने गरेको गुनासो गरेका छन् । दूतावासले इमेलमार्फत गुनासो टिपाएमा कम्पनीसँग सिकायत गरेर राहदानी फिर्ता गराइदिने बताएको छ ।

**गुल्मीमा...**

हजार चार सय नौ र आ.व. २०७७/७८ मा दुई हजार चार सय २६ र जनाले राहदानी बनाएका छन् । गुल्मीका सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेले प्रशासनमा राहदानी बनाउने प्रयोजन उल्लेख नभए पनि अधिकांशले वैदेशिक रोजगारीकै लागि राहदानी बनाउने गरेको बताए ।

कार्यालयका अनुसार गत आ.व.मा राहदानी बनाएबापत रु सात करोड ३१ लाख ९० हजार राजस्व संकलन भएको छ । जुन आ.व. २०७८/७९ मा रु तीन करोड ७१ लाख ६७ हजार हजार पाँच सय थियो । साथै राहदानी बनाएबापत कार्यालयले आ.व. २०७७/७८ मा रु एक करोड ४५ लाख ४२ हजार पाँच सय राजस्व संकलन गरेको थियो ।

**करका...**

तथ्यांक संग्रह, क्लाउड सेवा, गेमिङ, मोवाइल एप, अनलाइन मार्केट, सफ्टवेयरको आपूर्ति, तथ्यांक, तस्वीरको डाउनलोड सेवा, शिक्षा, परामर्श, सीप विकास तथा तालिम सेवा, ई-बुक, ई-पुस्तकालय, ई-पत्रिका आदि विद्युतीय व्यापार अन्तर्गत पर्छन ।

अनलाइन व्यापार गर्न कुनै पनि व्यक्ति, फर्म, कम्पनी वा संस्था सरकारी निकायबाट अनुमति लिनुपर्ने व्यवस्था विधेयकमा प्रस्ताव गरिएको छ । र यस्ता प्रत्येक व्यवसायीको विद्युतीय प्लेटफार्म (वेबसाइट, एप्स, फेसबुक पेज, युट्युब च्यानल इत्यादि) हुनुपर्नेछ ।

विद्युतीय प्लेटफर्ममा व्यवसायको नाम, ठेगाना, दर्ता भएको निकाय, दर्ता प्रमाणपत्र नम्बर, रजिष्टर्ड कार्यालय, प्रधान कार्यालय, कारोबार हुने शाखा तथा आउटलेट लगायतका विवरण समावेश गर्नुपर्ने हुन्छ ।

विद्युतीय प्लेटफर्म स्थापना गरेपछि वाणिज्य, आपुर्ति तथा उपभोक्ता हित संरक्षण विभागसमक्ष अनलाइन व्यापार गर्न सुचीकरणका लागि निवेदन दिनुपर्ने र सूचीकरण भएर सूचीकरणको नम्बर पाएपछि व्यवसाय गर्न पाउने विधेयकमा उल्लेख छ । अनलाइन व्यापार गर्नेले विद्युतीय प्लेटफर्म स्थापना नगरेमा, सूचीकरण नगरेमा वस्तु तथा सेवा नखुलाएमा कारबाहीको व्यवस्था पनि गरिएको छ । यस्तो कसूर गर्नेलाई १० हजारदेखि ५० हजार रुपैयाँसम्म जरिवानाको प्रस्ताव गरिएको छ ।

अनलाइन व्यवसायबाट बिक्री भएका वस्तु तथा सेवाको अभिलेख विद्यतीय प्लेटफर्ममा ६ वर्षसम्म सुरक्षित राख्नुपर्ने हुन्छ । यसो नगरेमा दुईदेखि तीन वर्षसम्म कैद वा तीनदेखि पाँच लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनुपर्ने प्रस्ताव गरिएको छ ।

**पुरानाको म्याद तीन महिना**

कानुन नबन्दै सञ्चालन भइसकेका अनलाइन व्यवसाय तीन महिनाभित्र सूचीकरणका लागि निवेदन दिनुपर्ने प्रस्ताव गरिएको छ ।

विधेयकमा अनलाइन व्यापार गर्ने व्यवसायीले विद्युतीय प्लेटफर्ममार्फत के कस्तो वस्तु र सेवा प्रदान गर्ने हो त्यसबारे जानकारी गराउनुपर्नेछ । वस्तु तथा सेवाको नाम, प्रकृति, डिजाइन, ट्रेडमार्क, आकृति वा चित्र, समिश्रण, तौल वा अन्तरनिहित तत्व लगायतका विवरण विद्युतीय प्लेटफर्ममै राख्नुपर्ने हुन्छ ।

यससँगै वस्तु वा सेवाको करसहितको अन्तिम बिक्री मूल्य, ढुवानी वा हस्तान्तरण शुल्क, वस्तु तथा सेवा हस्तान्तरण गर्न लाग्ने समय, वस्तु तथा सेवाको वारेण्टी, ग्यारेण्टी, उत्पादक कम्पनी र सेवा प्रवाह गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाको नाम पनि राख्नुपर्ने हुन्छ ।

विद्युतीय प्लेटफर्ममा कारोबारको कुल रकम अद्यावधिक हुने र त्यस आधारमा कर निर्धारण गर्ने सरकारको तयारी छ ।

**उदयपुर डायरी**
बिन्द्र राई/मध्यान्ह

# त्रियुगा नगरद्वारा नयाँ सवारीसाधन खरिद

त्रियुगा नगरपालिका गाईघाटले फोहोर सरसफाइ व्यवस्थापन, सडक निर्माण तथा अन्य कार्यका लागि नयाँ सवारीसाधन खरिद गरेको छ । त्रियुगा नगरले गएको आर्थिक वर्षमा फ्रिज भएको बजेटलाई आवश्यकता र सदुपयोगका लागि २०७९/८० मा सवारी साधन खरिद गरेको हो । बजार तथा वडा आसपासको क्षेत्र, गल्ली बाटोघाटोको निर्माण, फोहोर सरसफाइ र व्यवस्थापनको लागि सवारी साधन प्रयोग गरिने नगर प्रमुख बसन्त कुमार बस्नेतले जानकारी दिए । बस्नेतले भएको बजेटलाई नगरमा



सवारीसाधनको आवश्यकता र सदुपयोगलाई मध्यनजर गरेर टेण्डरमार्फत दुई करोड ४० लाख बराबरको सवारी साधन खरिद गरिको जानकारी दिए ।

नगरभित्र शहरीकरण र जनसंख्याको चाप बढेसँगै फोहोर व्यवस्थापनमा समस्या भइरहेको बेला नयाँ सवारीसाधन खरिदले नगरको हरेक विकास निर्माण, सरसफाइ व्यवस्थापनका कार्यहरू सञ्चालन गर्न सहज हुने उनको भनाइ छ । नगरपालिकासँग पुरानो एक दमकल, एक ब्याकहो लोडर, एक टिपर, तीन वटा ट्याक्टर र पानी ट्यांकर रहेका छन् । त्यसैगरी नगरले नयाँ एक ब्याकहो लोडर, एक टिपर, एक पानी ट्यांकर, दुई ट्याक्टर र दुई वटा अटो खरिद गरेको छ ।

# दुर्घटनामा चार जना घाइते

उदयपुरमा मोटर साइकल र स्कूटर एक आपसमा ठोक्किँदा चार जना घाइते भएका छन् । त्रियुगा नगरपालिका १ मदन भण्डारी राजमार्ग अन्तर्गत फूल्जोरमा शनिबार तीव्र गतिमा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको प्रदेश नम्बर १-०२०५१प ३१६७ नम्बरको मोटरसाइकल र बीपीरत दिशाबाट आउँदै गरेको स.७ प २८१५ नम्बरको स्कूटर एक आपसमा ठक्कर खाएको हो ।

दुर्घटनामा त्रियुगा नगरपालिका-१२ का ५७ वर्षीय बद्री नारायण चौधरी, ४७ वर्षीय विकास चौधरी, २१ वर्षीय जोन राई र २० वर्षीय बद्रीनाथ गौतम रहेका छन् । घाइतेमध्ये बद्री नारायण चौधरीको मात्र ठेगाना खुलेपनि अन्य तीन जनाको भने ठेगाना खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ ।

घाइतेको जिल्ला अस्पताल उदयपुरमा उपचारपश्चात् विकास चौधरी र बद्रीनाथ गौतम डिस्चार्ज भएका छन् । बद्री नारायण चौधरी र जोन राईलाई भने धरान रेफर गरिएको अस्पतालले जनाएको छ । दुर्घटनाको थप अनुसन्धान भइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालय उदयपुरका प्रमुख प्रहरी वरिष्ठ नायव निरीक्षक लोक बहादुर दियालीले बताए ।

**प्रवास डायरी**
तिलु शर्मा पौडेल/मध्यान्ह

# एनसीसी कतारको चुनावी सरगर्मी, ४२ पदमा ९१ जनाको मनोनयन दर्ता

गैर आवासीय नेपाली संघ (एनआरएनए)आइसीसी र एनसीसी कतारको २०२३/२५ कार्यकालका लागि विभिन्न ४२ पदमा ९१ जनाले उम्मेद्वारी दर्ता गराएका छन् । कार्यसमिति छनोट समितिले जारी गरेको सूचनाअनुसार मनोनयन दर्ता गर्ने अन्तिम समयसम्ममा युवा संयोजक पदबाहेक अन्य सबै पदमा करिब दोब्बर मनोनयन परेको छ ।

सूचनाअनुसार आइसीसी सदस्यमा ६ जनाको लागि ९, एनसीसी कतारको अध्यक्ष १ पदमा ७, प्रथम उपाध्यक्ष १ पदमा ३, द्वितीय उपाध्यक्ष १ पदमा ३, तृतीय उपाध्यक्ष १ पदमा २, महिला उपाध्यक्ष १ पदमा २, युवा उपाध्यक्ष १ पदमा २, महासचिव १ पदमा २, सचिव ३ पदमा ७, कोषाध्यक्ष १ पदमा ३, सह-कोषाध्यक्ष १ पदमा ३, महिला संयोजक १ पदमा २ र युवा संयोजकमा एक जना, कार्यसमिति सदस्य १९ पदमा ४० जना, लेखा समिति संयोजक १ पदमा २ र लेखा समिति सदस्य २ पदमा ३ जनाको उम्मेद्वारी परेको छ ।

उम्मेद्वारी मनोनयनमाथि दाबी विरोधपछिको उम्मेदवार हरूको नामावली २३ जुलाईको बेलुका पाँच बजेपछि प्रकाशन हुनेछ । उम्मेदवारी मनोनयन फिर्ता २२ देखि शुरु भई २४ जुलाई बेलुका ५ बजेसम्म गर्न सकिनेछ । उम्मेद्वारी मनोनयनको अन्तिम नामावली प्रकाशन २४ जुलाई राति ११ बजेपछि गरिने तालिका रहेको छ ।

अनलाइन मतदान प्रक्रियाबाट मतदान गर्ने व्यवस्था मिलाइएको हुँदा २७ जुलाई बिहान १० बजे बाट २८ जुलाईको राति १२ बजे (नेपाली समय) मा मतदान गर्ने समय सीमा सकिनेछ । मतदानको नतिजा सार्वजनिक गर्ने मिति नतोकिए पनि परिणाम घोषणा र निर्वाचित प्रमाणपत्र वितरण अन्तिम परिणाम प्राप्त भए पश्चात गरिने समितिले जनाएको छ । ८ हजार ९सय ५१ जना पञ्जीकृत सदस्यता रहेको एनसीसी कतारको दशौं महाधिवेशन २८ जुलाई २०२३ मा हुने कार्यतालिका रहेको छ ।

# कतार पुगेकी गायिका टिका सानुले गरिन् पसल उद्घाटन

कतारमा आफ्नो सांगीतिक प्रस्तुति दिन पुगेकी सर्वप्रिय लोक तथा दोहोरी गायिका टिका सानुले दोहाको मुटु फिलिपिन सुकमा एक पसलको औपचारिक समुद्घाटन गरेकी छिन् । शुकभित्र रहेको अल जवर बिल्डिङमा नेपाली व्यवसायीहरूले सञ्चालनमा ल्याएको पसलको सानुले रिबन काटेर औपचारिकरूपमा समुद्घाटन गरेकी हुन् ।

पसलको उद्घाटनलगत्तै सानुले व्यावसायिक सफलताको शुभकामना दिँदै कतारमा नेपालीहरूले व्यवसायमा पाएको सफलता आफ्नो लागि ठूलो प्रेरणाको स्रोत भएको बताइन् । पसलमा सबै ब्रान्डका पर्फ्युम, अरबिक अत्तर, लेडीज तथा जेन्सका लागि वालेट,




हुक्कासम्बन्धी सम्पूर्ण सामग्री, बाखुर र घडीहरू उपलब्ध रहेका छन् । आरएन ब्रोदर र सुधान ट्रेडिङ कन्ट्रयाक्टिङ एण्ड सर्भिसेसका सञ्चालक निरज न्याहाल र कवीन्द्र कँडेलले संयुक्तरूपमा चायल्ड आइसल्यान्डभित्र सुदान पर्फ्युम नामको पसल सञ्चालनमा ल्याएका हुन् ।

# गौर हत्याकाण्ड पीडित संघर्ष समितिको आन्दोलनमा आजपाको समर्थन

**मध्यान्ह संवाददाता**
रौतहट, ६ साउन



आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले 'गौर हत्याकाण्ड'का पीडित परिवारलाई न्याय दिलाउन आफ्नो पूर्ण साथ र सहयोग रहने बताएका छन्। रौतहटको गरुडामा शनिबार आजपाको गरुडा नगरकमिटीद्वारा आयोजित भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष साहले यस्तो बताएका हुन् ।

गौर हत्याकाण्ड पीडित संघर्ष समितिले घोषणा गरेको आन्दोलनका विभिन्न कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने बताउँदै उनले आन्दोलनमा पार्टीको समर्थन रहेको बताए ।

प्रतिनिधि सभा सदस्य समेत रहेका पूर्वमन्त्री साहले संसदमा यो विषय पटक-पटक उठाउँदै पीडित परिवारलाई न्याय दिनुपर्ने माग गर्दै आएका छन्। संसदमा साहले गौर हत्याकाण्डका दोषीलाई कारवाही गर्नुपर्ने, पीडित परिवारलाई न्याय दिनुपर्ने जोडदार रुपमा उठाउँदै आएका छन् ।

गौर हत्याकाण्डका पीडित परिवारलाई न्याय दिलाउनका लागि आफूले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग समेत भेटेर छलफल गरेको बताउँदै उनले दोषीलाई कारवाही गराउन आन्दोलनको विकल्प नभएको बताए । सरकारमा रहेका व्यक्तिबाट आश्वासन मात्रै पाइरहेको बताउँदै उनले आन्दोलनलाई सशक्त बनाउनुपर्ने बताए ।

गत १ साउनमा पीडित संघर्ष समितिले गौरमा विशाल प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालयमा एक ज्ञापनपत्र बुझाएको थियो । सो ज्ञापन पत्रमा गौर हत्याकाण्डका पीडितलाई न्याय दिनुपर्ने, दोषीलाई कानूनी कारवाही गर्नुपर्ने, हत्याकाण्डका मुख्य योजनाकार उपेन्द्र यादवलाई कारवाही गर्नुपर्ने लगायतका माग गरेका छन् ।

आफूहरुको माग सम्बोधन नभए कडा आन्दोलनको चेतावनी समेत संघर्ष समितिले सोही ज्ञापनपत्र मार्फत दिएको छ । दोषीलाई कारवाहीका लागि भन्दै उनीहरुले संघर्षका विभिन्न कार्यक्रम घोषणा समेत गरेका छन् ।

१४ साउनसम्ममा माग पूरा नगरे १५ साउनबाट रौतहटमा अनिश्चितकालीन आम हड्ताल गर्ने कार्यक्रम रहेको छ। हत्याकाण्डका आपराधिलाई कानूनी कठघेरामा ल्याउन निरन्तर सरकारलाई ध्यानाकर्षण गराउँदा समेत कुनै सुनुवाइ नभएको भन्दै संघर्ष समितिले बाध्य भएर आन्दोलनका कार्यक्रम सार्वजनिक गर्नुपरेको जनाएको छ ।

साउन २ गते देखि १२ गतेसम्म पालिकाहरुमा गौर हत्याकाण्डको बारेमा जानकारी र अन्तरक्रिया कार्यक्रम गर्ने, शहीद परिवार एवं पीडितहरुद्वारा धर्ना दिने, १४ गते मोटरसाइकल ¥याली निकाल्ने कार्यक्रम रहेको संघर्ष समितिका संयोजक रुपसागर देवीले बताइन् । २०६३ चैत्र ७ गते दिउँसो १ बजे उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेसी जनअधिकार फोरमका कार्यकर्ताहरुले २८ जना माओवादी निर्दोष कार्यकर्ताको निर्मम हत्या गरेका थिए । उपेन्द्र यादवको नेतृत्वमा भएको सो घटनामा परी २७ जनाको घटना स्थलमै र १ जनाको उपचारको क्रममा मृत्यु भएको थियो भने सयौंको संख्यामा निर्दोष नागरिकहरु घाइते भएका थिए ।

त्यस घटनामा बन्दुक, बाँसको फाटा, ढुंगाले टाउँको र मुखमा हानेर मारेका थिए । त्यस्तै महिलाहरुलाई बाँसको फाटाले सम्बेदनशील अंगहरुमा घोचेर, बलात्कार गरी, स्तन काटेर छटपटिरहेको अवस्थामा जिउँदै आगो लगाएर हत्या गरिएको थियो ।

यो घटना प्रचलित नेपाल कानून बमोजिम अपराध मात्रै नभई नेपाल पक्ष रहेको टरचर कन्भेन्सन लगायतका अन्य अन्तर्राष्ट्रिय महासन्धि समेतले यस्ता प्रकारको जघन्य अपराधलाई अन्तर्राष्ट्रिय अपराधको रुपमा स्वीकार गरेको छ ।

गौर हत्या काण्ड भएको भोलिपल्ट नै तत्कालिन गृहमन्त्री कृष्णप्रसाद सिटौला, सञ्चारमन्त्री कृष्णबहादुर महरा र संयूक्त राष्ट्र संघीय मिसन (अनमिन)का प्रतिनिधि पनि घटनास्थल पुगेका थिए। घटनाको वास्तविक तथ्य पता लगाउनका लागि नेपाल सरकारले तत्कालिन पुनरावेदन अदालतका न्यायाधिश हरिप्रसाद शर्माको संयोजकत्वमा गठन गरेको छानविन आयोगले बुझाएको प्रतिवेदन र राष्ट्रिय मानव अधिकार आयोग समेतको प्रतिवेदनले समेत यस घटनालाई राजनीतिक झडप नभइ जघन्य एवं अमानविय अपराध गरेको भनि निष्कर्ष निकालेको थियो ।

# मनोरञ्जन क्षेत्रमा १३ प्रतिशत बालिकाको प्रयोग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ साउन



मनोरञ्जन क्षेत्रमा १३ प्रतिशत बालिकाहरुको प्रयोग हुने गरेको एक सर्वेक्षणले देखाएको छ। मनोरञ्जन क्षेत्रमा कार्यरत महिला श्रमिकहरुको हकहितमा लागि काम गर्दै आएको शुभ अवसर ग्राम संस्थाले गरेको सर्वेक्षणमा यस्तो तथ्य पाइएको हो । संस्थाले काठमाडौं महानगरपालिकाको वडा नं ३२ र ९ मा रहेका मनोरञ्जन क्षेत्रमा कार्यरत श्रमिक महिलाहरुको सर्वेक्षण गरेको थियो ।

शुक्रबार काठमाडौंमा आयोजित अन्तरक्रियामा संस्थाकी कार्यक्रम अधिकृत रञ्जना शर्माले सर्वेक्षणका क्रममा १३ प्रतिशत बालिकामध्ये ६१ प्रतिशत डान्स बारमा डान्सरको रुपमा काम गरेको र ३९ प्रतिशतले दुर्व्यवहार भोगेको पाइएको बताइन्। यस्तै सर्वेक्षणमा ४६ प्रतिशत महिला डान्सबारमा आवद्ध रहेको पाइएको छ । सर्वेक्षणमा भाग लिएका श्रमिकहरुमध्ये ४५ प्रतिशतले नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकको बारेमा जानकारी भएको र ५३ प्रतिशतलाई जानकारी नभएको बताएका छन् ।

सर्वेक्षणमा भाग लिएका श्रमिकहरुमध्ये ९४ प्रतिशतले राति कामबाट घर फर्किंदा यातायातको सुविधा पाएको र ६ प्रतिशतले मात्र यस्तो सुविधा नपाएको बताएका छन् । १ सय ४२ जना महिला श्रमिकहरुले भाग लिएको उक्त सर्वेक्षणमा २४ प्रतिशतले आफू काम गर्ने ठाउँमा बालबालिका रहेको बताएका छन् । ६६ प्रतिशत सर्वेक्षणमा सहभागी महिला श्रमिकहरुले सजिलै काम पाउने कारणले गर्दा यो क्षेत्रमा आवद्ध भएको बताएका छन् । अधिकांश स्कुल ड्रप आउट ४२ जना ६ देखि ९ कक्षा पढ्दा पढ्दै छोडेको पाइएको संस्थाले जनाएको छ ।

सर्वेक्षण गरिएका ९२ प्रतिशत श्रमिकलाई लिखित नियुक्ति पत्र नदिएको र सामाजिक सुरक्षाको व्यवस्था नभएको बताएका छन् । सहभागी मध्ये ५२ प्रतिशतले १० देखि १५ हजारसम्म पारिश्रमिक पाउने गरेका छन् । जसमा ९१ प्रतिशत श्रमिक महिलाले घरखर्चका लागि खर्च गर्ने गरेको देखिएको संस्थाकी कार्यक्रम अधिकृत शर्माले बताइन् ।

काठमाडौं महानगरपालिका सामाजिक विकास विभागको समन्वयमा शुक्रबार आयोजित अन्तरक्रियामा रात्रीकालिन व्यवसायमा काम गर्ने महिलाहरुले अझै पनि रात्रीकालिन व्यवसायमा काम गर्ने महिलाहरुको समस्या ज्यूँ का त्यूँ रहेको बताएका छन् । कार्यक्रममा सहभागी व्यवसायीहरुले दर्ता नगरी व्यवसाय सञ्चालन गर्ने बिगबिगी बढेको बताएका छन् ।

कार्यक्रममा काठमाडौं महानगरपालिका मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण कार्यविधि, २०७८ तर्जुमा भएपनि काम गर्न नसकेको स्वीकार गरे ।

उनले मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण महानगर समितिको गठन गरेर काम गरिरहेको बताए। शुभ अवसर ग्राम नेपालकी निर्देशक अन्थोलिना सुसैले संस्थाले विशेषगरी बेचबिखन, यौन शोषण, यौन दुर्व्यवहार तथा हिंसाबाट प्रभावित वा सो को उच्च जोखिममा रहेका बालिका, किशोरकिशोरी तथा महिलाहरुको अधिकारको संरक्षण, पुनर्स्थापनामा काम गर्दै आएको बताइन् ।

कार्यक्रममा काठमाडौं महानगरका वडा सदस्य, ओसीएमसीका प्रतिनिधिहरुले सबै एकजुट भएर मनोरञ्जन क्षेत्रमा कार्यरत महिला कामदारको समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिएका थिए ।

# गर्मी बढेसँगै सर्पदंशका बिरामी बढे

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ६ साउन



गर्मी बढेसँगै रौतहटमा सर्पदंशका बिरामी बढेका छन् । सर्पको टोकाइबाट शनिबार एकै दिन ११ जना अस्पतालमा भर्ना भएका गौर अस्पतालका इमरजेन्सी प्रमुख डा. राजेश कुमार सिहंले बताए । गौरमा उच्च तापक्रम वृद्धिसँगै बिरामीको संख्यामा पनि वृद्धि भएको डा.सिंहले बताए ।

रौटहटमा केहि गर्मीले जनजीवन प्रभावित भएको छ भने पानी नपरेपछि किसानले लगाएको धान बाली पनि नष्ट हुने अवस्थामा पुगेको छ । एक्कासी गर्मी बढेपछि सदरमुकाम गौर सुनसान देखिन्छ ।

# नागरिकताभन्दा प्रतिलिपि लिनेको संख्या बढी

**ईश्वर विश्वकर्मा/मध्यान्ह**
चरिकोट, ६ साउन



दोलखामा नागरिकताभन्दा नागरिकताको प्रतिलिपि लिनेको संख्या बढी रहेको पाइएको छ । जिल्ला प्रशासन कार्यालयको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०७९/०८० मा नागरिकता भन्दा प्रतिलिपि लिनेको संख्या बढी देखिएको हो ।

गत आ.व तीन हजार ३ सय ९४ महिला र तीन ८ सय ७३ पुरुष गरी सात हजार २ सय ६७ जनाले नागरिकता लिएका छन् । चार हजार ३ सय ४९ महिला र चार हजार ६ सय ७६ जना पुरुष गरी नौ हजार २५ जनाले नागरिकताको प्रतिलिपि लिएका छन् । यसमा नागरिकता भन्दा प्रतिलिपि लिने एक हजार ७ सय ५८ जना बढी रहेका छन् ।

प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले नागरिकता हराएको, च्यातिएको, विवरणमा त्रुटि भएको लगायतका कारण प्रतिलिपि लिने सेवाग्राहीको संख्या बढ्दै गएको बताए । तीमध्ये नागरिकता हराएको कारण प्रतिलिपि लिनेको संख्या बढी देखिएको उनले जानकारी दिए ।

यस्तै १६ हजार ७ सय ९ जनाको विवरण राष्ट्रिय परिचयपत्रको लागि दर्ता भएको छ । जसमा छ हजार ७ सय १४ महिला र नौ हजार ९ सय १५ पुरुष रहेका छन् । प्रमुख जिल्ला अधिकारी धमलाले गत आवमा १५ हजार ५ सय ३० जनालाई विद्युतीय राहदानी वितरण गरिएको बताए । जसमा महिला सात हजार ९८ र महिला आठ हजार ४ सय ३२ रहेका छन् ।

राहदानी वितरणबाट पाँच करोड ६९ लाख २९ हजार ३ सय ४० रुपैयाँ राजस्व संकलन भएको उनले जानकारी दिए । स्वदेशमा राम्रो रोजगारी र अवसरबाट बञ्चित भएपछि युवाहरुले वैदेशिक रोजगारीका लागि राहदानी लिएका हुन् । युवालाई विदेश पलायन हुनबाट रोक्न तीन तहकै सरकारले दिगो रोजगारीको व्यवस्था गर्नुपर्ने प्रमुख जिल्ला अधिकारी धमलाको भनाइ छ ।

# हुम्लामा मनाइयो ४१औं बीपी स्मृति दिवस



**ओवराज शाही/मध्यान्ह**
हुम्ला, ६ साउन

हुम्लामा ४१ औं बीपी स्मृति दिवस मनाइएको छ । नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको योगदानको स्मरण गर्दै विपी स्मृती दिवस मनाइएको हो ।

विपी चिन्तन प्रतिष्ठानका जिल्ला अध्यक्ष मधु बस्नेत शाहीको अध्यक्षता र नेपाली कांग्रेसका जिल्ला उपसभापति वसन्त रोकायाको प्रमुख आतिथ्यमा भएको 'विचार र विकासमा बीपी विषयक' गोष्ठीमा नेपाली कांग्रेसका पदाधिकारी शुभेच्छुक तथा भातृ तथा भगेनी संस्थाका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थित रहेको थियो ।

विपी चिन्तन प्रतिष्ठानका जिल्ला अध्यक्ष मधु बस्नेतले बीपीले नेपाली साहित्यका क्षेत्रमा पनि महत्वपूर्ण योगदान पुऱ्याएका र संसदीय निर्वाचनपछि पहिलो निर्वाचित प्रधानमन्त्री बनेका भन्दै स्मरण गरिन् ।

ट्रेड युनियन जिल्ला अध्यक्ष राजन रावतले विसं २०२५ मा स्वास्थ्य परीक्षणका लागि जेलमुक्त भएका कोइरालाले आठ वर्षसम्म भारतमा निर्वासित जीवन बताउनु परेको बताए ।

नेपाली कांग्रेस उपसभापति बसन्त रोकायाले विपीले अपनाएको मेलमिलापको नीति आज पनि मुलुकको राजनीतिमा उत्तिकै सान्दर्भिक भएको बताए ।

कार्यक्रममा नेपाल ट्रेड युनियनका पूर्व अध्यक्ष राजबहादुर बुढा, नेपाल शिक्षक संघका पूर्व जिल्ला अध्यक्ष कालीबहादुर शाही, कैलास रोकाया, नेपाली कांग्रेस कर्णाली प्रदेश सदस्य रम्बा शाही, नेपाल शिक्षक संघ जिल्ला अध्यक्ष जुनराज हमाल, कर्मचारी युनियनका जिल्ला अध्यक्ष विशाल बोहरा, सिमकोट गाउँपालिका वडा नं ७ का वडा अध्यक्ष बलविर शाही, नेपाली कांग्रेस जिल्ला कार्य समितिका सदस्य लोक्ते कामी र कालु सिंह लगायतले विपीको योगदानको चर्चा गरेका थिए ।

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

## सुदूरपश्चिम विश्वविद्यालय
## केन्द्रीय कार्यालय
**महेन्द्रनगर, कञ्चनपुर**

**सूचीकृत भएको जानकारी सम्बन्धमा**

**प्रथम पटक प्रकाशित मिति: २०८०/०४/०७**

सुदूरपश्चिम विश्वविद्यालयद्धारा मिति २०८० साल जेष्ठ २ गतेको मध्यान्ह राष्टिय दैनिकमा प्रकाशित (EOI) Preparation of Master Plan with Detailed Architectural & Engineering (A/E) Design and Cost Estimation for the Construction of Physical Infrastructructure at Dadeldhura Medical College (DMC), Dadeldhura District Far Western University (FWU/EOI/01/079/080) को सम्बन्धमा परामर्शदाताको छनौटका लागि आशयपत्र पेशगर्न सूचना गरिएकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टलको माध्यमबाट १४ वटा आशयपत्रदाताहरुले आशयपत्र पेश गरेकोमा सुदूरपश्चिम विश्वविद्यालयको मूल्याङ्कन समितिबाट मूल्याङ्कित भई उच्चतम अंक प्राप्त गर्ने देहाय बमोजिमका आशयपत्रदाताहरुको संक्षिप्त सूची सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० को (५) बमोजिम संक्षीप्त सुचिमा छनोट भएको व्यहोरा सम्बन्धित सबै आशयपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**संक्षिप्त सूचीमा छनौट भएका आशयपत्रदाताको विवरण**

| क्र.स | संक्षिप्त सूचीमा छनौट भएका आशयपत्रदाताको नाम |
|---|---|
| 1 | EWES-Shrestha-CLEC JV |
| 2 | ECoCoDE Nepal-SILT-Immortal JV |
| 3 | Sitara-Moonlight-Eversafe JV |
| 4 | GOEC-MULTI-GES |
| 5 | BDA-GCA JV |
| 6 | BDA-MRB-INCLUSIVE JV |

**महाशाखा प्रमुख**
**सामान्य प्रशासन महाशाखा**



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

७ साउन २०८०, आइतबार
23 July 2023, Sunday

## सम्पादकीय

# कांग्रेसले भुलेको बीपी

प्रमुख सत्तारूढ दल नेपाली कांग्रेसले पार्टीका संस्थापक नेता विश्वेश्वरप्रसाद कोइरालाको ४१औं स्मृति दिवस अनेक कार्यक्रम गरी मनाएको छ । गत २ साउनदेखि जारी केन्द्री कार्य समितिको बैठक समेत स्थगित गरेर कांग्रेसले संस्थापक नेताको सम्झना गरे । पार्टी सभापति शेरबहादुर देउवा बीपीको शालिक अनावरण गर्न इटहरी पुगेका थिए । अरू नेताहरूले पनि आ–आफ्नोब र उपलब्धताका हिसाबले बीपीलाई सम्झेका छन् । पञ्चायतको कठोर समयमा बीपीको निधन भएपनि उनले हिडेको मार्ग र रोजेको राजनीतिबारे पार्टी पंक्ति भन्दा बाहिर समेत विमर्श भएको छ । लोकतन्त्रका निम्ति बीपीले जहानीय राणाशासन र पञ्चायतविरूद्ध अनेक रूपको आन्दोलन गर्नु परेको थियो । कठोर जेल सजाय, निर्वासनदेखि सशस्त्र विद्रोहको नेतृत्व गर्न समेत नडराएका बीपीले कल्पना गरेको व्यवस्था आज मुलुकमा अभ्यास भइरहेको छ ।

तर स्वयम् बीपीले आफ्नै कल्पनाको व्यवस्था देख्न पाएनन् । ००७ सालदेखि २०१७ सम्म रहेको प्रजातन्त्र नै हो, बीपीले अनुभूति गर्न पाएको । तर त्यसबेला पनि लोकतन्त्र भन्दा माथि राजसंस्था र राजा थिए । जसका कारण राजाले चाल्नुपरेको कदम बीपीले सहनु पर्‍यो । तर बीपीले लोकतन्त्रका निम्ति कुनै खालका सम्झौता गरेनन्, जसको परिणाम २०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना भयो । समयान्तरमा राजतन्त्रकै अन्त्य भएर अहिले हामी गणतन्त्र स्थापना भयो । बीपीसँगै संगतमा रहेका रामवरण यादव नेपालको पहिलो राष्ट्रपति बने । अहिले फेरि कांग्रेसकै रामचन्द्र पौडेल मुलुकको तेस्रो राष्ट्रपति छन्, कांग्रेस मुलुककै सवैभन्दा ठूलो दल छ ।

तसर्थ बीपी कोइराला मुलुकका सर्वाधिक सफल र उचाइ भएका नेता हुन् । उनको स्मृतिमा राजनीतिक विमर्श आवश्यकीय कुरा हो । तर स्वयम् बीपीकै पार्टी कांग्रेसले भने एकपटक आफूलाई गम्भीर समीक्षा गर्न आवश्यक छ । किनकि संसदको सवैभन्दा ठूलो दल भएर पनि कांग्रेसले राष्ट्रिय राजनीतिमा प्रष्ट एजेण्डा दिन सकिरहेको छैन । तदर्थ कांग्रेस बनेर चलिरहेको छ । विधानअनुसार, नेतृत्वले पार्टी चलाउन सकिरहेका छैनन् । बैठक बस्न नै एक वर्ष कुर्नुपर्ने अवस्थामा कांग्रेस गुज्रिरहेको छ । कम्युनिष्ट नेताहरूको तिक्तता र एकतामै मुलुकको राजनीतिक मार्ग कोरिरहँदा कांग्रेस सहयोगी शक्ति बनिरहेको छ । त्यसो हुँदा कांग्रेस र मुलुकको राजनीति बलियो हुँदा मात्रै बीपीप्रति श्रद्धा हुनेछ । सत्ता स्वार्थमा अल्झिरहने कांग्रेसले बीपीलाई सम्झनु भनेको दायित्व बिर्सिएर गोहीको आँशु बगाउनु मात्रै हो ।

# कम्युनिष्ट आन्दोलन र विचारधारा

अग्रलेख



● लेखराज रेग्मी

२००७ सालको क्रान्तिको समिक्षा गर्‍यौं भने थाहा लाग्छ, दरबारिया शारीरिक सुगठनका प्रशिक्षक धर्मभक्त, धार्मिक सुधार आन्दोलन प्रभावित शुक्रराज, रजौटा खलकका दशरथ चन्द यी कोही पनि उत्पीडित वर्गका थिएनन् । उनीहरु राणा सरकारका ज्यादती र थिचोमिचोको दायरा बढ्न थालेको र उपरोक्त वर्गीय धरातलमाथि समेत संवेदनशील हमला हुन थालेको स्थितिमा पैदा हुने विद्रोही भावका साथ राणा विरोधी आन्दोलनमा सामेल भएका थिए । उनीहरुको माग सुधारात्मक थियो । तर क्रुर राणाहरुलाई यो कुरा पचेन । उनीहरुले सहादत प्राप्त गरे । तर उनीहरुका परिवारलाई गलाउन र माफी मगाउन राणाहरुले कुटनैतिक प्रयत्न नगरेका होइनन् । तर सामान्य परिवारमा जन्मे हुर्केका गंगालाल भने भारतीय क्रान्तिकारी आन्दोलन र चीनको सशस्त्र क्रान्तिको प्रभावमा थिए । उनीभित्र भारतीय क्रान्ति नायक भगत सिंहसँग मिल्दोजुल्दो व्यक्तित्व झल्किन थालेको थियो । उनीहरुमा सुवास चन्द्र बोष र गान्धी वा नेहरुका प्रभाव थिएन भन्न सकिँदैन ।

तर, नेपाली कम्युनिष्ट आन्दोलनमा संस्थापक नेतृत्वको पजनीसँगै संगठन विस्तारको जुन प्रकृया सुरु भयो यसले भीमदत्तको सहादतदेखि रायमाझीको पतनसम्मको बिपरित स्थिति र भूमिका भोग्नुपर्‍यो । के नेपाली क्रान्तिकारी आन्दोलन झापाली व्यक्ति हत्यादेखि सुरु भएर जनयुद्धको शान्ति प्रक्रियामा ‘बिसर्जन’ वा ‘सिफ्ट’ मात्रै हो ? सुवर्णशमशेरको वर्गघात (राणाको खानदान सम्मान र सम्भ्रान्त जीवनको परित्याग) तथा क्रान्तिको सशस्त्र अगुवाईको भूमिकालाई कसरी हेर्न सक्छौं ? तर त्योभन्दा पनि राणा सरकारविरुद्धको भूसको आगो सल्काउने विचारका चिन्तक र बाहक महान चार सहीदहरुका पनि अगुवाहरुको खोजी हुनु र मूल्यांकन हुनुपर्छ या पर्दैन ? यसरी इतिहासप्रतिको सही समझदारी विकास गर्नुभन्दा इतिहासको तोडमोड र बिसर्जन नेपाली कम्युनिष्ट आन्दोलनको कमजोर पक्ष रहँदै आएको छ । सात सालको क्रान्तिको बाम तप्का नै नेपाली कम्युनिष्ट पार्टीको विकास र विस्तारको आधार थियो । दिल्ली सम्झौताको विरोध, सन् १९५०को असमान सन्धीको बिरोध तथा त्यतिबेला चलाइएका किसान आन्दोलन र थोरै मात्र कलकारखानाबाट सुरु भएको ट्रेड युनियन आन्दोलनको कारण प्रतिबन्ध व्यहोरेको स्थितिले जुझारु र क्रान्तिकारी आन्दोलन र यसको गौरवपूर्ण इतिहास देखिन्छ । यसलाई फिका पार्ने काम मनमोहन नेतृत्वमा आएदेखि सुरु भएको छ र झापा आन्दोलको उठानमै इतिहासलाई अस्वीकार गर्ने परम्परा बामपन्थी कोणबाट समेत सुरु गरिएको देखिन्छ । यसको निरन्तरताको रूपमा ऐतिहासिक भौतिकवादलाई इन्कार गर्ने अनुशिक्षण विकास भैरहेको छ । के यसलाई नसच्याई नेपाली कम्युनिष्ट आन्दोलनलाई क्रान्तिकारी मार्क्सवादी धारामा विकास गर्न सम्भव होला ?

लेनिनले आफ्नै सहोदर दाजुको नरोदवादी आन्दोलनलाई इन्कार गर्दै सर्वहारा आन्दोलन र मार्क्सवादको औचित्य र महत्वलाई स्थापित गरेका छन् तर, निम्नपुँजीवादी क्रान्तिकारी धाराको महत्वबारे तथा उसको नेतृत्व क्षमताबारे प्रसस्त प्रकाश पारेका छन् । नेपालमा यस विषयमा एउटा मात्र सामग्री छ- उग्र बामपन्थी विचारधाराको खण्डन । यो आफै आग्रहबाट पूर्णतः मुक्त छैन तर, अध्येता वा समिक्षकको स्तर लेखकभन्दा धेरै आग्रहपूर्ण छ । यस आग्रहको कारण र निराकरणबारे हाम्रो अध्ययन पद्धति सच्याउन आवश्यक छ कि छैन ?

आन्दोलन हठात् प्रस्फुटन हुनु र बिसर्जन हुनु तात्कालिक घटनाक्रमको कारणले हुनेगर्छ । मार्क्सवादीहरु आन्दोलनको विकासमा नेतृत्वको, विचारधाराको र जनचेतनाको योजनाबद्ध विकासको आवश्यकतामा जोड दिन्छन् । सर्वहारा अग्रदस्ताको कुरा लहडमा स्थापित गरिएको कुरा होइन । वर्गलाई सचेत संगठित र आन्दोलनको अग्रमोर्चामा स्थापित गर्ने काम कम्युनिस्ट पार्टीको प्रमुख र प्राथमिक कार्य हो । यसबारेमा सशक्त दस्ताबेजको रूपमा चौथो महाधिवेशनको नेतृत्वले आयोजना गरेको सेक्रेटरी सम्मेलनको दस्ताबेज महत्वपूर्ण शैक्षिक सामग्री हो । यसका साथै यसको पक्ष विपक्षका तर्क र आन्दोलनमा परेको प्रभाव बारेमा समिक्षा हुनु आवश्यक छ भन्ने लागेको छ ।

पाँच पूर्वसर्तको आन्दोलन संशोधनवाद थियो वा जनमत संग्रहको बहिष्कारको नीति प्रतिकृयावादीको सेवा ? बहस हुन आवश्यक छ ।



*पुष्पलालको पजनीले मनमोहनलाई स्थापित गर्‍यो, रायमाझीको अवशानले मोहनबिक्रम र लामालाई स्थापित गर्‍यो, यहाँ पुष्पलालको पुनर्स्थापना र स्वस्थ वैचारिक संघर्षको संस्कृति पनि सँगै ओझेल पर्‍यो । लामा र मोहनबिक्रमको पजनीले स्थापित गरेको सांस्कृतिक बिरासतको अभिषाप यतिबेला वैद्य र प्रचण्डले भोगिरहेको स्थितिबाट कसले के-कति सिक्न सकिएला ?*

यसबारेमा सही समझदारीले बहिष्कारको बहानामा प्रतिकृयावादी पक्षसँग मतको सौदाबाजीलाई पनि रोक्न सक्नेछ र इमानदार कार्यकर्ताको मनोबल पनि उच्च राख्नेछ । छद्म अवसरवादको लुक्ने दुलोको रूपमा रहेको लफ्फाजीलाई नियन्त्रण गर्न वस्तुनिष्ठ कार्यनीति र अनुशासनकै रूपमा कार्यान्वयन को तरिका नै एकमात्र बिकल्प हो । मनोगतवाद मार्क्सवादको बिपरित अधिभूतवादी धारा हो । यससँग जुझ्नु र जोगिनु अनिवार्य हुन्छ ।

मार्क्सले कम्युनिष्ट घोषणापत्र गुप्तरूपमा पढाउनु भएन । पुँजीवादी अखबारमा छापेर प्रचार गर्नुभयो । केही गुप्त कार्यको गोपनियता, प्रतिकृयावादी निशानामा रहेको नेतृत्वको रक्षा अवैध सामग्रीको वसारपसार जस्ता चुनौतिको सामना गर्न गुप्त कार्यको सीप र शैली विकास हुनु आवश्यक छ तर, कृतिम ढंगले गुप्त जीवन व्यतित गर्ने र यसैबापत सर्वाधिक प्रचारमा आउनुपर्ने खतरनाक मनोविकारबाट बँच्नु नै श्रेयस्कर हुन्छ ।

त्यस्तै, आन्दोलनको स्वरूप वर्ग संघर्षको स्तरले निर्धारण गर्छ । हामीले आजीवन सशस्त्र संघर्षको कुरा गर्ने तर, जनता प्रत्यक्ष मुठभेडमा आइसकेपछि विभिन्न बहानामा आन्दोलनबाट भाग्ने वा जनताले सानातिना प्रदर्शन सफल पारेर उत्साह सञ्चार भैरहेको ठाउँमा अनावश्यक उत्तेजना फैलाएर फरार हुने धेरै ‘क्रान्तिकारीहरु’ व्यवहारमै भोगेका छौं र कतिलाई संकास्पद ठानेर जनताले कारबाही गरेका दुःखद घटना पनि देखेभोगेका छौं । मिहिनतापूर्व यसलाई छिचोल्न आवश्यक छ । आन्दोलनका रूपहरु सुरुमा कानुनले पचाउँदैन र यो अवैधानिक हुन्छ तर, आन्दोलनको उच्चरूपमा विकास हुँदा जनताको ताकतलाई स्वीकार्ने स्थिति हुँदोरहेछ र वैधानिक हुँदो रहेछ । यस्तै, खुला र गुप्त कार्यको पनि हेरफेर भइरहँदो रहेछ । यसैलाई सायद कुशलता लचकता वा सफल असफल दाउपेच भनेर बुझिँदो होला ।

मूल कुरा सही नीति हुनु र नहुनुको नै हो । यसको लागि दृष्टिकोण निर्माण पहिलो सर्त हो, प्रतिबद्धता, सैद्धान्तिक स्पष्टता र तत्परता सबैको लागि आवश्यक हुन्छ । उद्देश्य लक्ष्य कार्यक्रम आफ्ना प्रतिबद्धताका आधारमा नीति र योजना निर्माण कार्यमा अभिव्यक्त हुने कुरा हो । यसप्रतिको दृढताले गर्ने दिशा निर्देशको आधारमा खुला र गुप्त कार्य, वैधानिक वा अवैधानिक तरिका जनसंघर्ष वा सशस्त्र संघर्षलाई निरूपण गर्दछन् ।

पञ्चायत कालमा वा राणा शासनमा वैधानिक तथा प्रजातान्त्रिक अभ्यास सम्भव थिएन । निर्मल लामालाई चुनावमा भाग लिन रोकियो र थुनछेक गरियो । संसदीय व्यवस्थाको पुनर्स्थापनापश्चात कम्युनिष्ट कार्यक्रम र कार्यकर्तालाई बन्देज गरियो । यो गणतन्त्र हो र जनताका बिचमा पुग्न संघसंस्थालाई बनाउनु, उपयोग गर्नु आवश्यक ठानिन्छ । यहाँ पार्टीलाई प्रतिबन्ध लगाउन नपाइने कानुनी व्यवस्था छ । यसको उपयोग भरपुर गर्न सकिन्छ । तर यही नै समाजवाद वा समाजवाद उन्मुख स्विकार गर्न सकिँदैन । संविधान राज्यको नियमनकारी दस्तावेज हो, यो आफै समाजवादी कार्यक्रम होइन । मौलिक अधिकारको कार्यान्वयन जनताको सम्प्रभुताको अभ्यासमा यसको सकारात्मक प्रभाव रहनेछ र यही माग बनाएर गरिने आन्दोलन वैधानिक ढंगले सुरु गर्न सकिने र राज्यको वर्ग चरित्रबारे जनतामाझ राम्रो प्रशिक्षणको प्रयोगात्मक कक्षा हुने विश्वास गर्न सकिन्छ । निर्वाचनमा भाग लिने वा नलिने भनेको उम्मेदवार बन्ने र मतदान गर्ने मात्र होइन, नोभोटलाई स्थापित गर्ने र प्रत्याह्वानको कानुनी व्यवस्थाको लागि संघर्ष पनि निर्वाचनमा भाग लिनु नै हो । जनताको प्रत्यक्ष उपस्थितिमा दबाब सिर्जना गर्नेगरी चुनावी सभाहरुमा बहस चलाउन उम्मेदवारी, संसदभित्र बोल्शेभिक किसिमको उपस्थिति पनि क्रान्तिकारी कार्य नै हो । एउटा रोचक कुरा, बेलुकासम्म बहिष्कारको पक्षमा वकालत गर्नेहरुको लामै लर्को पार्टीका र्यालयमा टिकटको लागि दवाव दिन बिहानैदेखि थुप्रिन थालेको दृश्य देख्न र चुनावमा भाग लिनुपर्ने वकालत गरेका निर्मल लामाले भने टिकट चाहिँदैन भनेर दिएको प्रतिकृया पढ्न पाएको २०४८को प्रसंग रोचक छ । समानान्तर सत्ता र बिद्यमान कानुनको प्रयोग, समानान्तर सवाल हुन एउटा स्थितिमा एकैपटक दुबैको प्रयोग एकै ठाउँमा सम्भव छैन । यो भनेको दुई कानुन र दुई सत्ताको समानान्तर उपस्थिति हो र एकले अर्कोलाई निषेध नै संघर्षको रूप हो । यो ख्यालठट्टा होइन ।

स्वायत्तताको अधिकारको सीमाभित्र चल्ने जनसंगठन वा संस्थागत अस्तित्व स्वयम् समानान्तर होइन । तर, एस यु सिआईले चलाउने कम्युन द्वैध सत्ताको स्थिति होइन र पनि कसरी उनीहरु आफ्ना नीति र कार्यक्रम लागु गरिरहेका छन्, हाम्रो लागि सायद यो पनि अध्ययनको विषय होला । गुप्त र खुला कामको तालमेल जब प्रचार गर्ने र दम्भको विषय बन्छ, तालमेल रहँदैन र कुनै एउटा मात्र बाँकी रहन्छ, यस्ता सवालमा हामी डाइनामिक बन्न सकेका छैनौं । यसलाई बुझ्न शान्तिप्रकृया र क्रान्तिकारी कार्यदिशासँगै कार्यान्वयन नभएको हाम्रो अनुभवबाट पनि सिक्ने कि ? यसरी हामी कम्युनिष्ट शिक्षाको प्रारम्भिक स्थितिबाटै भड्कावहरुको भारी बोक्न जो विवश छौं, यसबाट उन्मुक्तिबारे पनि गम्भीर समिक्षा गर्ने कि ?

तर, एउटा निर्धारित तथ्य के हो भने पुष्पलालको पजनीले मनमोहनलाई स्थापित गर्‍यो, रायमाझीको अवशानले मोहनबिक्रम र लामालाई स्थापित गर्‍यो, यहाँ पुष्पलालको पुनर्स्थापना र स्वस्थ वैचारिक संघर्षको संस्कृति पनि सँगै ओझेल पर्‍यो । लामा र मोहनबिक्रमको पजनीले स्थापित गरेको सांस्कृतिक बिरासतको अभिषाप यतिबेला वैद्य र प्रचण्डले भोगिरहेको स्थितिबाट कसले के-कति सिक्न सकिएला ?

आउनोस् यी सबै सवालहरुलाई उत्तरित गर्दै गलत परम्परा र बिरासतका कमजोरीहरुबाट सिक्दै नयाँ दृष्टिकोणको विकास गर्दै नयाँ ढंगले नयाँ किसिमको (लेनिनवादी संगठनात्मक सिद्धान्तको मर्मअनुसारको) कम्युनिष्ट पार्टी बनाउन बृहत विस्तृत र गहन बहसमा प्रवेश गरौं । यसको समानान्तर आजको स्थितिमा सही कार्यनैतिक स्टेप, शक्ति सन्तुलन, र जनपरिचालनको लागि अबेर भैरहेको सन्दर्भ र स्थिति हेर्दा बहकावका सम्भावना पाइलै पिच्छे देखिँदै आएका छन् । यी दुई दायित्वबिचको संयोजन नै यतिबेलाको कुशल मार्क्सवादी अभ्यास हुनेछ, ध्यान जान आवश्यक छ ।

## सामाजिक सञ्जाल



\- भीम रावल

राज्य र दलका उच्च ओहोदामा बसेकाहरूले प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख जस्ताका निवास रहेको ललिता निवासको जग्गा हत्याउने, नक्कली भुटानी बनाई अमेरिका पठाएर करोडौं कुम्ल्याउने र विमानस्थल र भन्सारबाट बोराका बोरा सुन तस्करी हुने जस्ता घटनाले राज्य अति कमजोर र विकृतिको शिकार भएको देखिन्छ ।



\- मनहरि तिमिल्सिना

सरकारले एक क्विन्टल अवैध सुन वरामद गरेको विरोधमा साथीहरूले विरोध जुलुस गर्नुभएछ । उहाँहरूको विचार र व्यवहार क्लियर छ- ७० करोडको टेप प्रकरण आउँछ विजय जुलुस गर्ने, अनि सुन समातिन्छ विरोध र्‍याली गर्ने । हामी चाहन्छौं- तपाईहरूको सक्कली अनुहार यसरी नै निरन्तर सार्वजनिक भइरहनुपर्छ ।



-सौगात कंशकार

अर्थतन्त्रमा शिथिलता हटाएर आर्थिक गतिविधि चलायमान बनाउन के-कस्ता ‘उपकरण’ प्रयोग गर्ने भनेर उचित निर्णय लिने, तर मौद्रिक नीतिसँग सबै ‘उपकरण’ हुँदैन भन्ने राष्ट्र बैंक गभर्नरको भनाई भनेर समाचार आयो । अब अर्थ, उद्योग, वाणिज्य मन्त्रालयहरुले पनि आ-आफ्नो ‘उपकरण’ प्रयोग गर्नुपर्‍यो त !




\- रामेश कोइराला

कांग्रेसको केन्द्रीय समितिको बैठकको चार दिने तमासा देखेपछि लाग्यो, अब कांग्रेसीजनले नीति महाधिवेशन नगरे हुनेरछ । त्यहाँ पनि उही ‘म यहाँको अब्बल कारिन्दा’ भन्दै आ-आफ्नो कार्य सम्पादन मूल्यांकन फाराम भरेर सुपरिवेक्षक र पूनरावलोकनकर्ता समक्ष पेश गर्ने हानथाप बाहेक कुनै नीतिगत छलफल हुनेवाला छैन ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | धेरै भरोसा गर्नु हुँदैन । अज्ञात भयले सताउनेछ । |
| वृष : | वाहन चलाउँदा सावधानी राख्नुहोला । नाता गोतामा विवादको योग छ । |
| मिथुन : | मुद्दासम्बन्धी समस्याको योग छ । शैक्षिक कार्यमा प्रगति हुनेछ । |
| कर्कट : | साथीभाईबीच सुमधुर सम्बन्ध रहनेछ । विदेश यात्राको योग छ । |
| सिंह : | सरकारी कार्यमा प्रगति हुनेछ । धन लाभको योग छ । |
| कन्या : | धन लेनदेनमा सावधानी राख्नुहोला । स्वास्थ्यमाथि ध्यान दिनुपर्छ । |
| तुला : | राजनैतिक सहयोग प्राप्त हुनेछ । आत्मविश्वासमा वृद्धि हुनेछ । |
| वृश्चिक : | पारिवारिक खर्च धेरै हुनेछ । अलि रुकावटपछि सफलता मिल्नेछ । |
| धनु : | भाग्य राम्रो रहन्छ । पारिवारिक जीवन सुखमय रहनेछ । |
| मकर : | अनावश्यक खर्च हुने योग छ । विवाद गर्नु हुँदैन । |
| कुम्भ : | महत्वपूर्ण भेटघाट हुनेछ । खर्चमाथि नियन्त्रण राख्नु होला । |
| मीन : | जोखिम भएको कार्यमा धन लगाउन हुँदैन । अनावश्यक खर्चको योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# धर्म र भौतिकवाद

विचार



● राजन तिमल्सिना

*विश्वमा थुप्रै धर्महरु छन् । धर्मका व्याख्याताका रूपमा पुरोहित, पण्डित, पादरी, लामा, भिच्छु, पोप, मुल्लाह, चिफ राबी, आयतोल्लाह, मुल्लाह, भिक्षु, गुरु, सत्गुरु आदीले आ-आफ्नै तर्क गर्दछन्, जुन भौतिक जगत, मानव समाज र विज्ञानका वस्तुगत मान्यता विपरीत छन् ।*

धार्मिक अन्धविश्वासको पर्दाले मानव चेतनालाई बन्ध्याकरण गर्दछ । मिथ्या तर्कको साहाराद्वारा जीवन र जगतका आम नियमहरुमाथि धावा बोल्नु यसको मूल विशेषता हो । जन्म-पूर्जन्म, पाप-धर्म, स्वर्ग-नर्क, छूत-अछूत, आत्मा-परआत्मा जस्ता काल्पनिक तर्कको सहारा लिई वैज्ञानिक प्रगतिलाई नकार्दछ । अन्धविश्वास र रुढीवादको जगमा उभिई मानव जातिलाई परनिर्भर, मगन्ते, ढोंगी, पाखण्डी र दास बनाउने कार्यका साथै जंगली युगतर्फ डोर्‍याउनु यसको मुख्य ध्येय हुन्छ ।

मूलतः धर्मको पक्षपोषण गर्नु भनेको सामन्तवाद र पूँजीवादको सेवा गर्नु हो । साथै, अलौकिक, मिथ्या, काल्पनिक र मनगणन्ते तर्कको साहारा लिँदै प्रगति पथलाई निषेध गर्नु हो । उचो-निचो, सानो-ठूलो, छूत-अछूत, धनी-गरीब, भाग्यमानी-अभागी जस्ता भेदभावपूर्ण कुराको आडभरोसा लिई आज्ञापालक दासहरु जन्माउनु यसको प्रमुख लक्ष्य हो ।

धर्मले नयाँ खोज अनुसन्धानलाई निषेध गर्दै पुरानै मिथकको आधारमा पुरानै कथा दोहोर्‍याएर नयाँ चीजको आविस्कारको ढोका बन्द गर्छ । आदिम समाजको कपोल कल्पित एवम् काल्पनिक मिथकको आधारमा भौतिक जगत, मानव समाज र विज्ञानका वस्तुगत नियम नबुझी केवल धर्मको मात्रै आड भरोसा लिनु अज्ञानताको पराकाष्ठा हो । धार्मिक अन्धता र दुर्व्यसनीमा नफसौं, सभ्य र नैतिक बनौं । धर्मशास्त्रले भनेजस्तो हुने भए विश्वमै नभएकी लक्ष्मी नेपालमा छिन्, किन मानिसहरु कंगाल छन् ? जहाँ लक्ष्मी नै छैनन् ती देश विश्वका सबैभन्दा धेरै किन सम्पन्न छन् ? नेपालमा पशुपतिनाथ, स्वयम्भू, रामजानकी मन्दिर, चर्च, गिर्जाघरहरु लाखौंको संख्यामा छन्, तर हाम्रो देश र जनता विश्वकै गरीब छन् ? यदि उनीहरूले दाबी गरेजस्तै भगवानको प्रार्थना वा मूर्ति पुजेर धर्मप्राप्त हुने र मनोकांक्षा पूरा हुने भए विश्वको सबैभन्दा धनी देश नेपाल र सबैभन्दा खुशी नेपाली जनता हुने थिए ।

पृथ्वी र मानव जातिकै श्रृष्टि गरेको दाबी गर्ने ईश्वरले रेडियो, घडी, क्यामरा, कम्प्युटर, मोबाइल, फोन, मेशिन, इन्टरनेट, यातायातका साधन, जहाज, रकेट, उच्चस्तरीय यानलगायतको किन श्रृष्टि गर्न नसकेको ? मानिसको अशिक्षा, अज्ञानता, डर र त्रासले पैदा गरेको ईश्वर मानिसभन्दा कदापि ठूलो हुन सक्दैन । यदि उनीहरूले दाबी गरे जस्तो भैदिएको भए धर्मैपिच्छे धेरै वटा पृथ्वी हुने थिए र मानव जातिलाई सहज हुने थियो । यदि विज्ञानले कुटो कोदालो, ढिकी, जातो, मेसिनदेखि विभिन्न उच्चस्तरीययन्त्रको विकास नगरेको भए मानव जीवन अत्यन्तै कष्टकर र अन्धकारमय हुने थियो । समाजलाई अन्धकारमा राखेर जनतामाथि राज गर्न नै सामन्तवाद र पुँजीवादले धर्मको विकास, पक्षपोषण र संरक्षण गर्दै आएको हो । विश्वमा विभिन्न धर्महरु छन्- हिन्दु, बौद्ध, इस्लाम, इसाई, शिख, कन्फुसीयस, फारसी, यहुदी, शिन्तो, टाओ, जैन, रास्ताफासीयन, बहाई आदि । यी धर्मका व्याख्याताका रूपमा पुरोहित, पण्डित, पादरी, लामा, भिच्छु, पोप, मुल्लाह, चिफ राबी, आयतोल्लाह, मुल्लाह, भिक्षु, गुरु, सत्गुरु आदीले आ-आफ्नै तर्क गर्दछन्, जुन भौतिक जगत, मानव समाज र विज्ञानका वस्तुगत मान्यता विपरीत छन् । यदि स्वर्ग र नर्क जाने टिकट यिनीहरूसँग भैदिएको भए सर्वप्रथम अरुलाई होइन उनीहरु आफै स्वर्ग जाने थिए । यिनीहरूले न स्वर्गको जनसंख्या भन्न सक्छन् न नर्ककै जनसंख्या भन्न सक्छ । न जीवन र जगतका वस्तुगत नियमहरुको निरूपण गर्न नै सक्छन् । सबै धर्मका व्याख्याताहरु अन्धविश्वास र रुढीवादले ग्रसित छन् ।


वैज्ञानिक सोचाइ, भौतिकवादी दर्शन, द्वन्द्ववादी प्रणाली र सर्वहारावादी दृष्टिकोण हुनेहरु मात्रै सच्चा कम्युनिस्ट हुन सक्छन् । आध्यात्मिक र अन्धविश्वासी मानसिकता बोक्नेहरु कोही पनि कम्युनिस्ट हुन सक्दैन । वैज्ञानिक सोच, भौतिकवादी दर्शन, द्वन्द्ववादी प्रणाली र सर्वहारावादी दृष्टिकोण नभई कम्युनिस्ट हुँ भन्नू रूपान्तरण नभएका नाम मात्रैका मानव हो । कुनै पनि धार्मिक र आध्यात्मिक कार्यमा भाग लिनु कम्युनिस्ट नैतिकता बाहिरको कुरा हो । रुढीवादको पर्खाल नभत्काई सभ्य र सिर्जनशील समाजको निर्माण गर्न सकिँदैन । मूलतः सभ्य नागरिक बन्नका लागि भौतिक जगत, मानव समाज र वैज्ञानिक चेतना अनिवार्य सर्त हुन, यसबारे सही र गलतको उचित शल्यक्रिया गर्न नसक्ने कोही पनि कम्युनिस्ट हुन सक्दैन ।

करिब २५ सय वर्ष अघि जन्मेका दार्शनिक ‘लुसियस अन्नस सेनेका’ले भनेका थिए- धर्मलाई सामान्य मानिसले पत्याउँछ, शिक्षित र चेतना विकास भएको मानिसले बहिस्कार गर्छ, राजनीतिज्ञले उपयोग गर्छ । गौतम बुद्धका समकक्षी इटालीयान दार्शनिक ‘जुलियस अन्नस सेनेका’को यो भनाई अहिले पनि त्यतिकै सान्दर्भिक र मनन् योग्य छ । र, यी कुराले आज पनि त्यत्तिकै महत्व राख्दछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# ‘आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजान नदेऊ’

**काठमाडौं/एजेन्सी–** युरोपेली संघ र अन्य तीन देशसहित सात राष्ट्रको समूहले चीनलाई आफ्नो जलक्षेत्रबाट इन्धन उत्तर कोरिया लैजाने अनुमति खारेज गर्न आग्रह गरेको छ। संयुक्त राष्ट्रसंघका प्रतिबन्धहरूको अवहेलना गर्दै उत्तर कोरियामा इन्धन लैजाँदै गरेको देखिएकाले तेल बोकेका ट्यांकरलाई आफ्नो जलक्षेत्रबाट हटाउन ती देशले चीनलाई आग्रह गरेका हुन्।



क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान, बेलायत र संयुक्त राज्य अमेरिकाका राजदूतहरूले संयुक्त राष्ट्र संघका लागि चीनका राजदूत झाङ जुनलाई सम्बोधन गर्दै लेखेको पत्रमा चीनको जलक्षेत्रबाट इन्धन आपूर्ति भइरहेकाले त्यसलाई रोक्न आफ्नो सरकारसँग अनुरोध गर्न आग्रह गरिएको छ। युरोपेली संघ, दक्षिण कोरिया, अष्ट्रेलिया र न्यूजिल्याण्डका राजदूतहरूले पनि पत्रमा हस्ताक्षर गरेका छन्। चिनियाँ राजदूतलाई पत्र पठाइएको भएपनि त्यसको पुष्टि नभएको स्रोतले जनाएको छ।

पत्रमा चीनको जलक्षेत्रमा ट्यांकरहरूको उपस्थिति र आवागमनलाई उत्तर कोरियामाथि लगाइएको प्रतिबन्धको पालनाको अनुगमन गर्ने राष्ट्रसंघको विज्ञ समूहले अवलोकन गरेको उल्लेख गरिएको छ।

सन् २००६ देखि संयुक्त राष्ट्रसंघले क्षेप्यास्त्र प्रक्षेपण र आणविक कार्यक्रमलाई लिएर उत्तर कोरियामाथि प्रतिबन्ध लगाएको छ। २०१७ मा प्योङयाङ उपर कच्चा तेल आयातलगायत थप प्रतिबन्ध लागेको छ।

यसैबीच अमेरिकाले चीन र रसियाको समर्थनमा उत्तर कोरियाले क्षेप्यास्त्र परीक्षण गर्ने उत्तेजनात्मक गतिविधिलाई निरन्तरता दिएको आरोप लगाएका छन्। चीन र रुसले प्योङयाङमा नयाँ प्रतिबन्ध लगाउने प्रस्तावमाथि भिटो गरेर सुरक्षा परिषद्को एकता पनि खल्बल्याएका छन्।

# कुकुर, बिरालोको मासु बिक्रीमा प्रतिबन्ध

**काठमाडौं/एजेन्सी–** इण्डोनेशियाको सुलावेसी टापुको कुख्यात पशु बजारमा अब कुकुर- बिरालोको मासु बेच्न नपाइने भएको छ। मासुका निम्ति पाशविकरुपमा ती पशु मारिएका भन्दै पशुअधिकारवादीले त्यसको अन्त्यका लागि वर्षौंदेखि कुकुर-बिरालो बचाऊ अभियान थालेका थिए। चमेरा, मुसा, सर्प र बाँदरको मासुसँगै कुकुर र बिरालोको मासु पनि बिक्रीमा राखिने गरेको थियो तर हिजो शुक्रबारदेखि कुकर, बिरालोको मासु बेच्न नपाइने प्रतिबन्धात्मक आदेश जारी भएपछि त्यो रोकिएको छ।



विगतमा निर्दयी बनेका पशुबजारका व्यापारी यसपटक भने कुकुर र बिरालाको मासु नबेच्न सहमत भएका पशुअधिकारकर्मी संस्था ह्युमेन सोसाइटी इन्टरनेश्नलले शुक्रबार जारी गरेको वक्तव्यमा जनाइएको छ। कुकुर-बिरालाको मासु बेच्न नपाइने सरकारी आदेशपछि मानव उपभोगका खातिर हजारौं पशुले चरम यातना खपेर अब मर्नुनपर्ने भएको उल्लेख गर्दै सोसाइटीले सरकारी निर्णयलाई ऐतिहासिक कदम भनेको छ। साथै उसले उक्त निर्णयको स्वागत गरेको छ।

स्थानीय संस्कृतिका कारण कुकुर-बिरालाको मासु बेच्ने विश्वका अति थोरै मुलुकको सूचीमा इण्डोनेशिया रहेको छ। शुक्रबार पशुबजारका छ जना व्यापारी र तोमोहन नगरका प्रमुखबीच कुकुर-बिरालाको मासु नबेच्ने सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो। व्यापारीले अब उप्रान्त कुकुर-बिरालाको मासु नबेच्न प्रतिबद्धतासमेत जनाएका सोसाइटीले विज्ञप्तिमा उल्लेख गरेको छ।

कुकुर-बिरालाको मासु बिक्रीमा रोक लगाउनुपर्ने अभियानको अगुवाइ गरेका सोसाइटीका निर्देशक लोला वेब्बर व्यापारी र नगरप्रमुखबीच भएको सम्झौताले हजारौं छाउराको ज्यान जोगिने तथा कुकुर-बिरालाको चोरी तस्करी पनि नियन्त्रण हुने बताए। उक्त टापुमा बर्सेनि एक लाख ३० हजार कुकर मासुका लागि मारिने गरेका थिए। पशुलाई नमरुन्जेल कुट्ने, झुन्ड्याउने, जिउँदै आगोलगाउनेजस्ता क्रुर एवम् अमानवीय व्यवहारका कारण सुलावेसीको पशुबजार अति आलोचित छ। सन् २०२० मा चिनियाँ शहर वुहानबाट कोरोना भाइरस यस्तै मासुबजारबाट मानवमा सरेको भन्ने जानकारी बारम्बार गराएपछि मासु व्यापारी सहमत भएका बताइएको छ। यसबाट रेबिजको संक्रमण रोक्न पनि मद्दत पुग्ने वास्तविकताबारे उनीहरूलाई अवगत गराइएको थियो।

तोमोहनमा २५ वर्षदेखि कुकुर-बिरालाको मासु बेच्दै आएका एल्भिनस पोनोग उचित समयमा व्यापार बन्दको निर्णय भएको बताउँछन्। हजारौं कुकुर मारेका उनी तिनलाई मार्न जाँदा तिनका आखाँमा आफूले त्रास देखेको र त्यसबाट आफूलाई पनि नमज्जा लाग्ने गरेको बताएका छन्। बिक्रीमाथिको प्रतिबन्ध पशु र जनसाधारणको रक्षाका निम्ति अति उत्तम भएको बताएका छन्।

# पत्रकार तेजपाललाई दुई करोड क्षतिपूर्तिको आदेश

**काठमाडौं/एजेन्सी–** दिल्ली उच्च अदालतले तेहेल्काल डटकमका पत्रकार तरुण तेजपाल, अनिरुद्ध भेल, म्याथ्यु सामुएल तथा मेसर्स तेहेल्का डटकमलाई रु दुई करोड क्षतिपूर्ति गर्न आदेश दिएको छ।



न्यायाधीश नीना वंशल कृष्णाको इजलाशले सेवा निवृत्त सैनिक अधिकृत एम एस अलुवालियालाई निजहरूबाट उक्त रकम क्षतिपूर्तिस्वरुप भराउने आदेश दिएको हो। सन् २००१ मा मेजर जनरल अलुवालियाले सैन्य सामग्री खरिदमा भ्रष्टाचार गरेको आरोप लगाउँदै तेहेल्काले डटकमले गोप्य कारबाही (स्टिङ अप्रेशन) गरेर खरिदसम्बन्धी विवरण सार्वजनिक गरेको थियो।

तेहेल्काले सार्वजनिक गरेका भ्रमपूर्ण समाचार सामग्रीबाट आफ्नो मानहानी भएको जिकिर गर्दै जनरल आलुवालियाले उच्च अदालतमा मुद्दा दायर गरेका थिए। उनीमाथि प्रतिरक्षा सामग्री आयातमा ठूलो घोटाला गरिएको आरोप लगाइएको थियो।

प्रतिरक्षा उपकरण उत्पादक बेलायती कम्पनीका नक्कली बजार प्रतिनिधि बनेर तेहेल्काका दुई जना पत्रकारले स्टिङ अप्रेशन गरेका थिए। उनले एक शिशी ब्ल्यू लेबल ह्विस्की र रु दश लाख घुस मागेको श्रव्य सामग्री तेहेल्काले प्रसारण गरेको थियो।

उक्त सामग्री प्रसारण हुनेबित्तिकै भारतीय सेनाले उनीमाथि छानबिन थालेको थियो। छानबिनबाट प्रसारित श्रव्य सामग्री असत्य भएको प्रयोगशाला परीक्षणबाट पुष्टि भएको थियो। न्यायाधीश कृष्णाले भ्रामक समाचारबाट पीडितको चरित्र हत्या भएको सार्वजनिक मानप्रतिष्ठामा ठूलो आघात पुगेको, साक्षमा याचनाबाट त्यो आघात नमेटिने भएकाले उक्त रकम क्षतिपूर्ति भर्न आदेश दिएकी हुन्।

# चिकित्सकको सल्लाहबिना एस्पिरिन, इबुप्रोफेन, डाइक्लोफेनेकको बिक्री गर्न प्रतिबन्ध

**काठमाडौं/एजेन्सी–** डेंगुको प्रकोप बढेपछि दिल्ली सरकारले एस्पिरिन, इबुप्रोफेन, डाइक्लोफेनेक औषधिहरूको बिक्रीमा प्रतिबन्ध लगाएको छ। सरकारले एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेकजस्ता केही औषधिको बिक्रीमा चिकित्सकको सल्लाहबिना प्रतिबन्ध लगाएको छ र ती औषधिले मानिसको रगतमा प्लेटलेट्स नष्ट गर्ने र डेंगुको प्रकोपकाबीच हानिकारक हुन सक्ने बताएको छ।



डेंगु रोकथामका लागि जारी परामर्शमा दिल्ली सरकारले जारी गरेको सुझावमा भनिएको छ, ‘मनसुनको मौसममा डेंगु जस्ता लामखुट्टेबाट सर्ने रोगहरूको प्रकोप बढ्दै गएको छ। तसर्थ, डेंगुको सम्भावित प्रकोपको यस मौसममा एस्पिरिन, इबुप्रोफेन र डाइक्लोफेनेक जस्ता औषधिहरूको प्रयोग दर्ता भएका चिकित्सकहरूको प्रेस्क्रिप्सनबिना बिक्री गर्न प्रतिबन्ध लगाइएको छ।’

सरकारले तत्काल लागू हुने गरी यी औषधिहरूको ‘ओभर-द-काउन्टर’ बिक्रीमा संलग्न नहुन सल्लाह दिएको छ। दिल्ली सरकारले जारी गरेको सुझावमा भनिएको छ, ‘यदि रिटेल विक्रेताले यो सल्लाहको उल्लंघन गरेको पाइएमा कडा कारबाही गरिनेछ।’

भारतको राजधानी नयाँ दिल्लीमा यमुना नदीमा पानीको बहाव बढेसँगै विगत दुई हप्तादेखि विभिन्न क्षेत्रमा भीषण बाढी आएको छ। आइतबार दिल्लीका स्वास्थ्यमन्त्री सौरभ भारद्वाजको अध्यक्षतामा राजधानीमा संक्रमणजन्य रोगनियन्त्रणका लागि समग्र तयारीबारे एक उच्चस्तरीय बैठक बसेको थियो।


हार्दिक बधाई तथा शुभकामना

तपाईले दर्शाउनु भएको माया, सद्भाव अनि विश्वास सँगै हामी सफलताको

PRABHU Money Transfer प्रभुको इच्छा

Prabhu Money Transfer P. LTD.
Kamaladi-31, Kathmandu, Nepal
Phone No. 01-4169277, 4169278
4169279, 4169280, 4169281
Toll Free No.:16600144444
Web: www.prabhumoneytransfer.com.np

२३ औं वर्षमा प्रवेश

आफ्नो स्थापनाकालको बाईसौं वर्ष सफलतापूर्वक पुरा गरी तेइसौं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा उत्तरोत्तर प्रगतिको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं।

PRABHU BANK
Head Office, Babarmahal, Kathmandu
Tel. No:+977-1-4788500
SWIFT: PRVUNPKA|www.prabhubank.com

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको इजाजत प्राप्त संस्था
Progressive Finance Limited
प्रोग्रेशिभ फाइनान्स लिमिटेड
Corporate Office: Tinkune, Kathmandu, Nepal
Phone : 01-5199664, 01-5199665, 01-5199667, Fax : 01-5199668
Email ID : info@pfltd.com.np, GPO Box No: 10390

जानकी फाइनान्स कम्पनी लि.
Janaki Finance Company Ltd.
जनकपुर धाम, नेपाल
Phone No.: 041-590586, 041-590587
Fax: 041-590588
E-mail: janakicompanyltd@gmail.com

PRABHU CAPITAL
(A Subsidiary of Prabhu Bank Limited)
Prabhu Capital Limited
Kamaladi, Kathmandu,
Phone No : 01-4169100

कालिका लघुवित्त वितीय संस्था लि.
Kalika Laghubitta Bittiya Sanstha Ltd.
Pokhara-10, BuddhaChowk, Kaski
+977 061 431412, +977 061 431415
info@kalikabank.com.np
www.kalikabank.com.np

साधना लघुवित्त वितीय संस्था लि.
Sadhana Laghubitta Bittiya Sanstha Ltd.
Gorkha-6, Haramtari, Gorkha
+977 064 420503
info@sadhanalaghubitta.com.np
www.sadhanalaghubitta.com.np

श्रृजनशील लघुवित वितीय संस्था लि.
SHRIJANSHIL LAGHUBITTA BITTIYA SANSTHA Ltd.
Address: Golbazar MP-7, Choharwa (Siraha)
Email: info@shrijanshil.com.np
Contact: 033-401045, 401084
Website: www.shrijanshil.com.np

समाज लघुवित्त वितीय संस्था लिमिटेड
Samaj Laghubitta Bittiya Sanstha Limited
Address: Malangawa, Sarlahi.
Email: samajlbsl@gmail.com
Contact: 046521795
Website: www.samajlaghubitta.org.np

अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड
Aviyan Laghubitta Bittiya Sanstha Ltd
Address: Paunati-4,kavre
Email: aviyanlaghu@gmail.com
Contact: 011-441027
Website: www.aviyanlaghubitta.com

Harati Ma Ajima Company P. Ltd.
Jorpati Chowk, Kathmandu
Ph.: 01-4915371
Mob.: 9851009964

R City Money Transfer
Bargachhi Chowk-8, Dharan, Sunsari
Ph.: 025-528731
Mob.: 9861630841

Shikhar Remit
Suryabinayak Chowk
(In Front Of Prabhu Bank), Bhaktapur
Ph.: 01-6616016
Mob.: 9841247060

KALA INTERNATIONAL PVT.LTD
BICHBAZAR,DHADING
PH.:010-520344/520868
9851108953

Tarai Express Money Transfer
Main Road, Gaur-9, Rautahat
Ph.: 055-520512
Mob.: 9845059212

Parameshwor Money Transfer
Side by Bivit Sewa Center, Buddha Chowk
Ramgram-5, Nawalparasi
Ph.: 078-520012, 520512
Mob.: 9857045512

BID Enterprises
Campus Road, Kankai Complex
Surunga, Jhapa
Ph.: 023-550281
Mob.: 9806039111

Sameen Traders
Near Rastriya Banijya Bank
Bich Tole, Chainpur-6, Sankhuwasabha
Ph.: 029-570312, 570123
Mob.: 9842106622

G.L. Travels & Tours Pvt. Ltd.
Chabahil, Kathmandu
Ph.: 01-4490125, 4468401
Mob.: 9851151696



## केदारस्यूँ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
देउरा, बझाङ्
सुदूरपश्चिम प्रदेश, नेपाल

### करारसेवामा लिने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८०/०४/०७**

प्रस्तुत विषयमा श्री केदारस्यूँ गाउँपालिका अन्तर्गत रहेको श्री रायल प्राथमिक स्वास्थ्य केन्द्र बझाङ्मा कामकाज गर्ने गरि १ जना मेडिकल अधिकृतको आवश्यकता परेकाले करार सेवामा लिनु पर्ने हुँदा योग्यता पुगेका नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न विवरण अनुसार दरखास्त दिनहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| क्र.सं. | पद | सेवा । समूह | पद संख्या | परिक्षाको किसिम | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत | नेपाल स्वास्थ्य हे.इ. | १ | लिखत र मौखिक | |

**निम्न:**

१. आवश्यक न्यूनतम योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थावाट चिकित्सा शास्त्रमा कम्तिमा M. B. B. S (स्नातक तह) उतिर्ण गरि सम्बन्धित परिषदमा दर्ता भएको हुनु पर्ने छ।
२. उमेर : २१ वर्ष पुरा भइ ४५ वर्ष ननाघेको।
३. पेश गर्नुपर्ने कागजाचहरु : तोकिएको ढाचाको निवेदन।
४. शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपीहरु।
५. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
६. दरखास्त दस्तुरः रु ३०००। -(अक्षररुपि रु तीनहजार मात्र)।
७. दरखास्त दिने स्थान : केदारस्यूँ गाउँपालिका, स्वास्थ्य शाखा।
८. दरखास्त दिने अन्तिम मिति : २०८०/०४/२१ कार्यालय समय भित्र।
९. सम्पर्क मिति: २०८०/०४/२२ गते
१०. लिखित परिक्षा मिति : सम्पर्क मितिमा तोकिने छ।
११. तलब सुविधा : नेपाल सरकारको नियम अनुसार।
१२. जानकारीको लागी सम्पर्क नम्वर : ९८५८४५४८३५ (प्रमुख प्रशासकिय अधिकृत) ९८६५९७६२२४ (स्वास्थ्य शाखा प्रमुख)

**प्रमुख प्रशासकिय अधिकृत**

# बक्स अफिस समाचार

## ‘जारी’ले मनायो सय दिन



**काठमाडौं/मस–** लिम्बू समुदायको संस्कृतिलाई विषयवस्तु बनाइएको चलचित्र ‘जारी’ प्रदर्शनको सय दिन पूरा भएको छ । श्रीमती फिर्ता ल्याउन संघर्षरत श्रीमानको कथा प्रस्तुत गरिएको जारी प्रथासँग सम्बन्धित चलचित्रलाई कविसँगै कथाकार रहेका उपेन्द्र सुब्बाले निर्देशन गरेका हुन् । यस वर्षकै पहिलो दिन वैशाख १ गतेदेखि प्रदर्शनरत चलचित्रले शनिबार काठमाडौं उपत्यकामा रहेको तीन चलचित्र भवन क्युएफएक्स सिभिल मल, बिग मुभिज र एफक्युबमा प्रदर्शनको सय दिन पूरा गरेको हो । चलचित्रका कार्यकारी निर्माता मणिराम पोखरेलले यो खुसी शब्दमा व्यक्त गर्न नसकिने बताए ।

‘सय दिन पूरा गर्ने चलचित्र बन्यो । अहिले चलचित्र भवनको संख्या बढेको समयमा यो सफलता विरलै हो । पर्दामा समुदायको संस्कृतिलाई दर्शकले रुचाए,’ उनले भने । चलचित्र विकास बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार ‘जारी’को गत असार ३१ गतेसम्म छ लाख १९ हजार दुई सय २१ टिकट बिक्री भएबापत १७ करोड १७ लाख ९९ हजार १८ रुपैयाँ ग्रस व्यापार भएको छ ।

‘कब्बडी’का शृंखलामार्फत लेखनमा सक्रिय निर्देशक सुब्बाले आफ्नो समुदायको कथा भन्नुपर्छ भन्ने लागेपछि चलचित्र निर्देशन गरेका हुन् । उनले भने, ‘महिला आँटिला र साहसिला हुन्छन् । स्वाभिमानी छन् र आत्मसम्मान चाहन्छन्, श्रीमती भए भन्दैमा सम्मानबिना बस्दैनन् । उनीहरुको आत्मसम्मानको कथा चलचित्रमा प्रस्तुत गरेको छु ।’ चलचित्रमा दयाहाङ राई, मिरुना मगर, विजय बराल, प्रेम सुब्बा, अनिल सुब्बा, रोयदीप, रेखा लिम्बू, कमलमणि नेपाल, पुष्कर गुरुङलगायतले अभिनय गरेका छन् । रामबाबु गुरुङ निर्मित फिल्ममा झुमा लिम्बु र गंगा थापाको संगीत, शैलेन्द्र डी कार्कीको छायांकन र निमेष श्रेष्ठको सम्पादन छ । धरान, पोखरा, चितवनका हलमा फिल्म ८० दिनभन्दा बढी समय चलेको थियो ।

## व्यास नगर साइनिङ स्टारको अडिसन १२ र १३ गते




**काठमाडौं/मस–** बालबालिकाहरुको प्रतिभा प्रष्फुटनको एउटा उत्कृष्ट प्लाटफर्मको रुपमा पहिचान स्थापित गरेको व्यास नगर साइनिङ स्टारको अडिसन यही साउन १२ र १३ गते हुने भएको छ । जेसीआई व्यास नगरले आयोजना गर्दै आएको व्यास नगर साइनिङ स्टारको नवौं संस्करणको अडिसन व्यास-४ स्थित दमौली कलेजको प्रांगणमा हुने आयोजकले जानकारी दिएको छ ।

दमौलीमा शनिबार पत्रकार सम्मेलन गर्दै आयोजकले व्यास नगर साइनिङ स्टारको नवौं संस्करणका बारेमा जानकारी गराएको हो । यस कार्यक्रमको फिनाले भने भदौ १५ गते हुने जेसीआई व्यास नगरका अध्यक्ष राजु रानाले जानकारी दिए । यसअघि नगर क्षेत्रका ९-१४ बर्षका बालबालिकाले अडिसन दिन पाउने व्यवस्था रहेकोमा यस बर्षदेखि १०-१५ बर्ष सम्मका बालबालिका अडिसनमा सहभागी गराइने उनले बताए । अडिसनबाट छनोट हुने २० जना बालबालिकाहरुलाई एक महिनासम्म विभिन्न विधाका प्रशिक्षण र तालिम प्रदान गरिने कार्यक्रमका मुल संयोजक अजर नागिलाले जानकारी दिए । एक महिने प्रशिक्षण, तालिम र विभिन्न अवलोकन भ्रमण गराएपछि अन्तिममा ४ जना निर्णायकहरुको निर्णयबाट उत्कृष्ट हुने प्रतिभा व्यास नगर साइनिङ स्टार घोषणा उनले बताए ।

व्यास नगर साइनिङ स्टार २०२२को उपाधि जित्नेलाई नगद रु २५ हजार २३, ट्रफी र प्रमाणपत्र प्रदान गरिनेछ । फस्ट रनर अफले १५ हजार, २३ र सेकेण्ड रनर अफ हुनेलाई १० हजार, २३ सहित ट्रफी र प्रमाणपत्र प्रदान गरिने आयोजकले जानकारी दिएको छ ।

प्रतियोगितामा बेस्ट पर्सनालिटी, बेस्ट वाल्क, बेस्ट फोटोजेनिक, बेस्ट ट्यालेन्ट, बेस्ट स्माइल, बेस्ट ड्रेस, बेस्ट अनुशासन, बेस्ट प्रोजेक्ट वर्क, बेस्ट भ्युवर च्वाईस र बेस्ट कन्ट्रिव्युसन गरी १० वटा विधागत अवार्डहरु पनि रहने आयोजकले जानकारी दिएको छ । १० विधामा उत्कृष्ट हुनेलाई जनही रु २ हजार र आकर्षक पुरस्कारको व्यवस्था गरिएको कार्यक्रम मूल संयोजक नागिलाले बताए । व्यास नगर साइनिङ स्टारमा प्रतिस्पर्धा गरेका बालबालिकाहरुले विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरिरहेकाले यसले समाजलाई महत्वपूर्ण योगदान पुगेको पूर्व अध्यक्ष एकप्रसाद श्रेष्ठले बताए । प्रतियोगिताको मुख्य उद्देश्य नै व्यक्तित्व र नेतृत्व विकास भएको बताउदै बालबालिकालाई टिकट बिक्री गर्न प्रेसर नगर्ने उनको भनाइ थियो । उनले भने ‘विद्यालय समय प्रभावित नहुने गरि पढाइको अतिरिक्त हामीले बालबालिकाको जीवन सफल र सार्थक बनाउन विभिन्न जीवनपयोगी सीप प्रदान गर्ने गर्छौं ।’ बालबालिकाको अन्तरनिहीत प्रतिभा प्रस्फुटन गराउँदै व्यक्तित्व र नेतृत्व विकास, शारीरिक तन्दुरुस्ती, कला संस्कृति लगायत विविध समसामयिक विषयको ज्ञान प्रदान गर्ने उद्देश्य राखेर जेसीआई व्यास नगरले २०१३ देखि निरन्तर व्यास नगर साइनिङ स्टार प्रतियोगिता आयोजना गर्दै आइरहेको महासचिव सुनिल श्रेष्ठले जानकारी दिए ।

## सांगीतिक कलाकार संघको अध्यक्षमा हर्कराज सर्वसम्मत



**पोखरा/मस–** पोखरा सांगीतिक कलाकार संघ नेपालको अध्यक्षमा हर्कराज गुरुङ (भाइ गुरुङ) सर्वसम्मत चयन भएका छन् । शनिबार पोखरा ट्रेडमलमा रहेको क्लासिक चुलो रेष्ट्रोमा भएको सातौं अधिवेशनबाट हर्कराजको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको हो ।

सघंको उपाध्यक्षमा टोप बहादुर खत्री, सचिवमा भाष्करध्वज श्रेष्ठ, कोषाध्यक्षमा शान्तरत्न बज्राचार्य र सह-सचिवमा विनोद वानियाँ चयन भए । यसैगरी सदस्यमा ईन्द्र बहादुर गुरुङ, आनन्दराज बज्राचार्य, अमित गुरुङ र रोहनजंग कार्की छानिए । थप रिक्त दुई सदस्य कार्यसमितिले मनोनयन गर्नेछ ।

वरिष्ठ संस्कृतिकर्मी तीर्थ श्रेष्ठको संयोजकत्वमा गठित निर्वाचन समितिले सर्वसम्मत नेतृत्व चयन गर्न सफल भएको हो । समितिको सदस्यमा संस्थाका सल्लाकार शेरबहादुर गुरुङ र ज्ञानबहादुर थापा रहेका थिए ।

यसअगाडि संघको १४ औं साधारण सभा तथा सातौं अधिवेशनमा बोल्दै गीतकार तथा संस्कृतिकर्मी तीर्थ श्रेष्ठले पोखराका गीतकार, संगीतकार तथा गायकलाई एकसाथ देख्ने रहर आफ्नो रहेको बताए । ‘गीतको लागि आवश्यक पर्ने तीन तत्व एकसाथ देख्ने रहर छ सबै टीमको तालमेल नभएर गीत राम्रो भएन’ उनले भने ।

सांगीतिक क्षेत्र अव्यवस्थित भएकोले संगठित हुनुपर्नेमा गीतकार समेतर रहेका श्रेष्ठले जोड दिए । कलाकारको आम्दानीको श्रोत पहिला भन्दा घटेको र हुने गरेका स्टेज कार्यक्रमा समेत केही व्यक्तिको मात्र पहुँच पुग्दासमस्या भएको औल्याए । केही राम्रा कार्यक्रम ल्याएर पोखराको सांगीतिक क्षेत्रमा नयाँ भाइब्स ल्याउनुपर्नेमा उनको जोड थियो । संस्थागत रुपमा संवाद र संगत गर्दै अगाडि बढेमा लक्ष्यमा पुग्न सकिने भनाई समेत उनले राखे ।

संघका सल्लाहकार शेरबहादुर गुरुङले गण्डकी प्रज्ञा प्रतिष्ठान र पोखरा प्रज्ञा प्रतिष्ठानमा पोखरा सांगीतिक कलाकार संघमा आवद्ध संगीतकर्मी पुग्न नसक्नु दुःखद भएको बताए । आगामी दिनमा ती प्रतिष्ठानहरुमा संघको प्रतिनिधित्व हुने हिसाबले अगाडि बढ्न समेत उनले नयाँ कार्यसमितिलाई सुझाब दिए । अर्का सल्लाहकार ज्ञान बहादुर थापाले कलाकार राज्यको सम्पत्ति भएपनि राज्यले हेर्ने दृष्टिकोण कलाकारमैत्री नभएको गुनासो गरे । पोखरा सांगीतिक कलाकार संघ नेपालका अध्यक्ष हर्क बहादुर थापा क्षेत्री (सुनिल थापा) को अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपाध्यक्ष हर्कराज गुरुङले गरेका थिए । राजेन्द्र अधिकारीले पेश गरेको सचिवको प्रतिवेदन र शान्तरत्न बज्राचार्यले पेश गरेको कोषाध्यक्षको प्रतिवेदन सर्वसम्मत पारित भएको थियो । कार्यक्रमको सञ्चालन सचिव राजेन्द्र अधिकारीले गरेका थिए ।

करिब १८ वर्ष अगाडि स्थापना भएको संघमा हाल पोखराका ३८ जना संगीतकर्मी सदस्य रहेका छन् । हालसम्म संघको नेतृत्व दीपक भट्टराई, श्यामशुङ तामाङ र हर्क बहादुर थापा क्षेत्रीले कुशलतापूर्वक पुरा गरेका छन् । सबैको साथ सहयोगमा संघलाई नयाँ उचाईमा पुऱ्याउने प्रतिबद्धता नवनिर्वाचित अध्यक्ष हर्कराज गुरुङले गरेका छन् ।

## नाटकघरमा ‘ट्रान्जिट’ र ‘हिउँभन्दा चिसो’



**काठमाडौं/मस–** बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा नाटक ‘ट्रान्जिट’ मञ्चन भइरहेको छ । शुक्रबारदेखि नियमित मञ्चन भइरहेको उक्त नाटक भदौ २ गतेसम्म मञ्चन हुनेछ । कुमार नगरकोटीले लेखेको नाटकलाई घिमिरे युवराजले निर्देशन गरेका छन् । एक ट्रान्जिटमा भेट भएपछि अघि बढ्ने कथा रहेको नाटकमा एउटै पात्र ‘मायावी’ लाई तीन जना अभिनेत्रीले चित्रण गरेका छन् । सोमध्ये एक पात्रको भूमिकामा अभिनेत्री शिल्पा मास्केले निर्वाह गरेकी छिन् । यो उनको पहिलो नाटक हो । अभिनेत्री मास्केले अभिनयलाई नजिकबाट बुझिरहेको बताइन् ।

‘नाटकमार्फत अभिनयलाई शून्यबाट नियाल्न पाएकी छु । दर्शकसँग प्रत्यक्ष साक्षात्कार गर्नाका साथै रङ्गमञ्चमा आफूलाई प्रस्तुत गर्न पाउँदा उत्साहित छु । यो मेरो पहिलो अनुभव हो,’ अभिनेत्री मास्केले भनिन् । नाटकमा अभिनेत्री मास्केसँगै दिव्यदेव, आकांक्षा कार्की, वासना तिमल्सिना, मिल्सन राई र घिमिरे युवराजलगायत कलाकारले अभिनय गरेका छन् । त्यस्तै थापागाउँस्थित मण्डला नाटकघरमा असार ८ देखि मञ्चन भएको मनोवैज्ञानिक (साइकोलोजिकल थ्रिलर) विधामा बनेको ‘हिउँभन्दा चिसो’ नाटक यही साउन १४ गतेसम्म मञ्चन हुनेछ । सोमनाथ खनालले निर्देशन गरेको नाटकमा कलाकार भोलाराज सापकोटा मुख्य भूमिकामा छन् । ‘चलचित्र र अन्य कामलाई मिलाएर नाटकघरमा प्रस्तुत भएको हुँ । आज-भोलि भन्दै पाँच वर्ष बितिसकेछ । समय मिलाएर यसपटक नाटकमा अभिनय गरेको छु,’ अभिनेता सापकोटाले भने । यसमा रेणु योगी, र गोविन्द सुनारलगायतले अभिनय गरेका छन् ।

## ‘जुलेबी’को पोस्टर रिलिज




**काठमाडौं/मस–** फिल्म ‘जुलेबी’को फस्टलुक पोस्टर सार्वजनिक भएको छ । पोस्टरमा फिल्मका प्रमुख कलाकारहरु निशा अधिकारी, सुरक्षा पन्त, उषा रजक र सुशील सिटौलालाई चित्रण गरिएको छ । गणेश देव पाण्डेको निर्देशनमा तयार भएको फिल्म आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउने छ । फिल्ममा मोनिका थापा, पुष्कर कार्की, तुफान थापालगायतको पनि अभिनय छ । फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित ‘जुलेबी’की निर्माता आभा शर्मा हुन् भने कार्यकारी निर्माता नवीन भट्ट हुन् ।

फिल्ममा विवेक खड्काको छायाँकन, जाटवेद बनर्जीको संगीत, अन्जय खड्काको सम्पादन र साउण्ड डिजाइन उत्तम न्यौपानेको छ । डिसिएनले वितरणको अधिकार लिएको फिल्मको विदेशका केही देशमा प्रदर्शन अधिकार बिक्री भइसकेको छ ।


# यूएईको सुपरमार्केटमा रोजगारको अवसर

**१. कम्पनी : SPINNEYS DUBAI LLC.** शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०७ LT. No.: 289571

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 80 | 0 | सम्बन्धित काममा दक्ष | 2025 | ७२,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stall And Market Salesperson | 500 | 200 | | 2025 | ७२,१३१ | | | | | | | |

**२. कम्पनी : SPINNEYS ABU DHABI LLC** शहर : ABU DHABI
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०८ LT. No.: 289573

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 265 | 35 | स. काममा दक्ष | 2025 | ७२,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**३. कम्पनी : FINE FARE FOOD MARKET L.L.C** शहर : Dubai
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०९ LT. No.: 289574

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 65 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७२,१३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Officer | 65 | 20 | | 2025 | ७२,१३१ | | | | | | | |

अन्तवार्ता Auricle Events, Narayan Gopal Chowk, काठमाडौंमा २०८० साउन १०, ११ गते (26 & 27 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ । COOK, BARISTA, BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ ।

**न्यू गोर्खाज ईन्टरनेशनल प्रा.लि., धुम्बाराही -४, काठमाडौंको सूचना**

यस प्रा.लि.ले मिति २०८०/०४/०३ मा मध्यान्ह राष्ट्रिय दैनिकमा तल उल्लेखित लट नम्बरहरुको अन्तवार्ता ३ दिन (२०८०/०४/१०, ११ र १२) हुने सूचना जारी गरिएकोमा रोजगारदाता कम्पनीले पठाएको पछिल्लो जानकारी अनुसार २ दिन (२०८०/०४/१० र ११) मात्र अन्तवार्ता हुने र मिति २०८०/०४/१२ मा अन्तवार्ता नहुने जानकारी गराइन्छ ।

विवरण:

१. लट नम्बर २८९५७१, Company: SPINNEYS DUBAI LLC
२. लट नम्बर २८९५७३, Company: SPINNEYS ABU DHABI LLC
३. लट नम्बर २८९५७४, Company: FINE FARE FOOD MARKET LLC

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचालमा सम्पर्क गर्नुहोला । ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

**न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३४८/०५९/०६०
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय जहरे, सुर्खेतको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०४/०७ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जहरे सुर्खेतबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० साउन २२ गते सोमबार**का दिन शाखा कार्यालय जहरे सुर्खेतमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**ऋणीको विवरण:**

कम्पनी ऐन २०६३ (संशोधन सहित) बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०३/०९ मा दर्ता नं. ५७३१/०७२/०७३ दर्ता कायम भई सुर्खेत जिल्ला, शुभघाट गंगामाला न.पा., वडा नं.०७, (हाल सुर्खेत जिल्ला, गुर्भाकोट नगरपालिका वडा नं. १३) स्थित रजिष्टर्ड कार्यालय रहेको **टिका हार्डवयर एण्ड ईलेक्ट्रिकल** (प्रोप्राईटर केशर शर्माको नाति, पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको छोरा, टिका शर्माको पति, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. १३ (साबिक सुर्खेत जिल्ला, मैनतडा गा.वि.स वडा नं. ०७) बस्ने **युबराज शर्मा**, ना.प्र.नं.६४१०३६/८१८२२, जारी मिति २०६४/१०/२५, जिल्ला प्रशासन कार्यालय सुर्खेत) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण :**

१. केशर शर्माको नाति, पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको छोरा, टिका शर्माको पति, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं. १३ (साबिक सुर्खेत जिल्ला, मैनतडा गा.वि.स. वडा नं.०७ ) बस्ने **युबराज शर्मा** (ना.प्र.नं. ६४१०३६/८१८२२, जारी मिति २०६४/१०/२५, जिल्ला प्रशासन कार्यालय सुर्खेत) ।
२. ससेराम सुनारको नातिनी, रतिमान सुनार/पबिसरा सुनारको छोरी ,युबराज शर्माको पत्नी सुर्खेत जिल्ला, गुर्भाकोट न.पा., वडा नं. १३ (साबिक सुर्खेत जिल्ला, गुमी गा.वि.स. वडा नं.०२) बस्ने **टिका शर्मा** (ना.प्र.नं.६४१०३७/११२९६४, जारी मिति २०६९/०२/१२, जिल्ला प्रशासन कार्यालय सुर्खेत) ।
३. पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको नाति, युबराज शर्मा/टिका शर्माको छोरा, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ बस्ने **निरञ्जन शर्मा** (ना.प्र.नं.६४-०१-७५-०५७८७, जारी मिति २०७५/०९/२३, जिल्ला प्रशासन कार्यालय सुर्खेत) ।
४. पदम प्रसाद शर्मा/टिका कुमारी शर्माको नातिनी, युबराज शर्मा/टिका शर्माको छोरी, सुर्खेत जिल्ला, गुर्भाकोट न.पा. वडा नं.१३ बस्ने **सेनिया शर्मा** (ना.प्र.नं.६४-०१-७७-०८४१७, जारी मिति २०७७/१२/२०, जिल्ला प्रशासन कार्यालय सुर्खेत) ।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **युबराज शर्मा**को नाममा मालपोत कार्यालय, मेहेलकुनामा दर्ता कायम रहेको सुर्खेत जिल्ला, गुर्भाकोट न.पा., वडा नं. १३ (साबिक सुर्खेत जिल्ला, गुमी गा.वि.स/न.पा. वडा नं. २/ख) स्थित कित्ता नं. ४९७ को क्षेत्रफल ०-०-१७ ३/४ (रोपनी) जग्गा तथा सो जग्गामा निर्माण भएको घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु:**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८० साउन २१ गते** भित्र बैंकको शाखा कार्यालय जहरे, सुर्खेतमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जहरे, सुर्खेतबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८० साउन २२ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको शाखा कार्यालय जहरे, सुर्खेतमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ । अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जहरे, सुर्खेतमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०८० साउन २२ गते सोमबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय जहरे सुर्खेत, फोन नं. ०८३-४१३०५९**

महिला विश्वकप फुटबल

# डिफेन्डिङ च्याम्पियन अमेरिकाको शानदार शुरुवात

## जापान, इंग्ल्याण्ड र डेनमार्कको पनि जित

**काठमाडौं/एजेन्सी-** फिफा महिला विश्वकप फुटबलमा डिफेन्डिङ च्याम्पियन अमेरिकाले विजयी शुरुवात गरेको छ । न्युजिल्याण्डमा शनिबार बिहान भएको खेलमा अमेरिकाले भियतनाममाथि ३-० गोल अन्तरको जित निकालेको हो ।



अकल्याण्डमा भएको खेलमा अमेरिकालाई जित दिलाउन सोफिया स्मिथले २ गोल गर्दा लिन्ड्से होरानले एक गोल थपिन् । १४ औं मिनेटमा स्मिथले गोल गर्दै अमेरिकालाई अग्रता दिलाइन् । पहिलो ४४ औं मिनेटमा अमेरिकाले अग्रता दोब्बर बनाउने अवसर गुमाएको थियो । एलेक्जेन्ड्रा मोर्गानले प्रहार गरेको पेनाल्टी खेर जाँदा अमेरिकाले अग्रता बनाउन चुकेको हो ।

स्मिथले पहिलो हाफको अतिरिक्त सातौं मिनेटमा व्यक्तिगत र टिमका लागि दोस्रो गोल गरिन् । यस्तै ७७ औं मिनेटमा लिन्ड्सेले गोल गरेपछि अमेरिकाले ३-० को सहज जित निकाल्यो । जितसँगै अमेरिकाले समूह ई मा ३ अंक जोडेको छ । यही समूहमा नेदरल्याण्ड्स र पोर्चुगल पनि रहेका छन् ।

अमेरिका महिला विश्वकपमा अहिलेसम्म चार पटक उपाधि जित्ने टिम हो । सर्वाधिक उपाधि जित्ने अमेरिका यो संस्करण पनि जित्दै ह्याट्रिक गर्ने दाउमा हुने छ ।

यस्तै शनिबार नै भएको अर्को खेलमा एसियाली राष्ट्र जापानले शानदार जित दर्ता गर्दै विजयी शुरुवात गरेको छ । न्युजिल्यान्डको ह्यामिल्टनस्थित वाइकाटो स्टेडियममा भएको खेलमा जाम्वियामाथि ५-० को जित निकाल्दै जापानले प्रतियोगितामा विजयी शुरुवात गरेको हो । जापानको जितमा हिनाता मियाजावाले दुई गोल गर्दा मिना तानाका, जुन इन्डो र रिको युकीले समान एक-एक गोल गरिन् ।

४३औं मिनेटमा हिनाताले गोल गर्दै जापानलाई पहिलो हाफमा १-० को अग्रता दिलाइन् । उनले एओवा फुजिनोको पासमा गोल गर्न सफल भइन् । मिनाले ५५औं मिनेटमा गोल गर्दै जापानको अग्रता दोब्बर पारिन् । उनले जुन इन्डोको पासमा जाम्वियाको रक्षापङ्क्ति तोड्न सफल भइन् । ६२ औं मिनेटमा मियाजावाले गोल गर्दै जापानलाई खेलमा ३-० ले अघि बढाइन् । ७१औं मिनेटमा जुन इन्डोले गोल गरेपछि जापान ४-० को अग्रता बनाउन सफल भयो । इन्ज्युरी समयको थप गरिएको सातौं मिनेटमा पेनाल्टीमा गोल गर्दै रिकोले जापानलाई ५-० को जित दिलाइन् । यस जितसँगै जापानले एक खेलबाट ३ अंक बटुलेको छ ।

यस्तै शनिबार नै भएको अर्को खेलमा इंग्ल्याण्डले कठिन जित निकालेको छ । इंग्ल्याण्डले हाइटीमाथि १-० को कठिन जित निकालेको हो । इंग्ल्याण्डको जितमा पहिलो हाफमा जर्जिया स्टानवेले पेनाल्टीमार्फत गरेको गोल नै निर्णायक बन्यो । पेनाल्टी बक्समा बाटचेवा लुइसले हातले बललाई छुन पुगेपछि रेफ्रीले भिएआरको सहायतामा इंग्ल्याण्डलाई पेनाल्टी प्रदान गरेको हो । तर स्टानवेको पेनाल्टीलाई हाइटीका गोलरक्षक कर्ली थेअसले बचाएपनि उनले लाइन क्रस गरेको भन्दै पुनः दिइएको पेनाल्टीमा भने स्टानवे बललाई जाली चुमाइन् । यस जितसँगै इंग्ल्याण्डले समूह 'डी' मा ३ अंक जोडेको छ ।

त्यस्तै शनिबार नै भएको अर्को खेलमा डेनमार्कले चीनलाई हराउँदै प्रतियोगितामा विजयी शुरुवात गरेको छ । डेनमार्कले चीनलाई १-० गोल अन्तरले पराजित गरेको हो । डेनमार्कको जितमा एमाली बैंग्सगार्डले एक गोल गरिन् । एमालीले खेलको ८९औं मिनेटमा गोल गरेकी हुन् । यस जितसँगै डेनमार्कले समूह 'डी'मा ३ अंक जोडेको छ ।







# सन्दीप र दीपेन्द्र दुवैको सन्तोषजनक प्रदर्शन

**काठमाडौं/मस-** क्यानडामा जारी ग्लोबल टी-२० क्रिकेट लिगमा दीपेन्द्रसिंह ऐरी आवद्ध मोन्ट्रेल टाइगर्सले सन्दीप लामिछाने आवद्ध सुर्रे जागुअर्सलाई ५ विकेटले पराजित गरेको छ । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको सुर्रेले २० ओभरमा ६ विकेट गुमाउँदै एक सय ३६ रन बनायो ।



सुर्रेका लागि ओपनर एलेक्स हल्स मात्र एक रनमा आउट भए । त्यसपछि लगत्तै अर्का ओपनर लिटोन दाशपनि व्यक्तिगत नौं रनमा पेभेलियन फर्किदा सुर्रेको स्कोर ४४ रन थियो । उसको विकेट झर्ने क्रम यतिमा रोकिएन । उसको स्कोर १० ओभर एक बलमा ६६ रन हुँदा चार विकेट गुमेको थियो ।

सुर्रेका लागि जतिन्दर सिंहले २७ रन बनाए भने पारगत सिंहले १३ तथा बेन कटिङले १० रनको योगदान गरे । यस्तै कप्तान इफ्तकिार अहमदले ४० रनको योगदान गरे ।

अर्को नेपाली खेलाडी दीपेन्द्र सिंह ऐरीको टिम मोन्ट्रेलका लागि बलिङमा सकिब अल हसनले तीन तथा अब्बार अफ्रिदीले दुई विकेट लिए । बलिङमा दिपेन्द्रले भने मौका पाएनन् । सन्दिपको टिमका लागि डिलोनले अविजित रनको योगदान गरे ।

ग्लोबल टी २० लिगको डेब्यु खेलमा दिपेन्द्रले २८ रनको योगदान गरे । उनले २२ बलमा दुई चौकाको मद्दतले सो रन बनाएका हुन् । जवाफमा मोन्ट्रेलले १८ ओभर तीन बलमा पाँच विकेट गुमाउँदै पुरा गऱ्यो ।

२५ रनमा पहिलो विकेट गुमाएको टाइगर्सले ५४ रनमा दोस्रो तथा ६२ रनमा तेस्रो विकेट खेर फालेको थियो । यस्तै ७१ रनमा चार विकेट खेर फालेको उसले एक सय २४ रनमा पाँच विकेट गुमाएको थियो । उसका लागि सकिब अल हसनले २६ रन बनाउँदा कप्तान क्रिस लियोनले २२ तथा ऐरीले २८ रनको योगदान गरे । यस्तै मुहम्म्द वासिमले १२ रन बनाए । दिपप्रित सिंहले अविजित २८ रनको योगदान गरे । बलिङमा सन्दीप लामिछानेले चार ओभरमा १७ रन दिएर दुई विकेट लिए । उनले सकिब अल हसन र ऐरीको विकेट लिएका थिए ।

# स्किब्स सेमिफाइनलमा

**काठमाडौं/मस-** आयोजक श्री चन्द्रविन्दु इन्टरनेसनल बोर्डिङ स्कुल (स्किब्स) सातौं स्किब्स कप थ्री बाइ थ्री बास्केटबल प्रतियोगिताको जुनियर ब्वाइजमा शनिबार सेमिफाइनलमा प्रवेश गरेको छ ।



बसुन्धारास्थित घरेलु कोर्टमा स्किब्सले सिद्धार्थ मोडेललाई ५-२ ले पराजित गऱ्यो । सोही स्पर्धामा पारामाउन्टले एन्जल्स हार्टलाई ६-५, ज्ञान निकेतनले रेडिअन्टलाई ६-५ र गोल्डेनपिकले सूर्योदयलाई ९-७ ले हराउदै सेमिफाइनलमा स्थान स्थान सुरक्षित गरे । सेमिफाइनलमा गोल्डेनपिकको भेट स्किब्ससंग हुनेछ भने पारामाउन्टले ज्ञान निकेतन विरुद्ध खेल्ने छ ।

स्टाफमा स्किब्स र डिफेन्डिङ च्याम्पियन महामन्जुश्री उपाधिका लागि भिड्ने भएका छन् । स्किब्सले पाठशाला नेपाललाई ९-७ तथा महामन्जुश्रीले काठमाडौं वर्ल्ड स्कुललाई १९-१७ ले सेमिफाइनलमा पाखा लगाउदै उपाधि भिडन्त पक्का गरेका हुन् ।

सिनियर ब्वाइजमा ग्रिनल्यान्ड, सेन्ट जोसेफ, रिलायन्स, हिमालय, ज्ञान निकेतन, नवज्योति, इन्साइट भिजन र निम्सले क्वाटरफाइनलमा स्थान बनाए । सिनियर गर्ल्समा भ्याली पब्लिक, साविक विजेता निम्स, पाठशाला, बसुन्धारा नेसनल एकेडेमी (बीएनए), रिब्स, पारामाउन्ट, एभरेष्ट र नेपाल मोडेलले क्वाटरफाइनल यात्रा तय गरे ।

प्रतियोगिताको टोखा नगरपालिकाअन्तर्गत शिक्षा शाखाका प्रमुख प्रशाकीय अधिकृत बाबुराम गौतम, टोखा नगरपालिका वडा ५ का अध्यक्ष मदन गुरुङ र स्किब्सका प्रिन्सिपल अरुणकुमार केसीले निर्णायकलाई बल हस्तान्तरण गरी एक कार्यक्रमबीच संयुक्त रुपमा उद्घाटन गरे । सिनियर ब्वाइजमा २४, जुनियर ब्वाइज र सिनियर गर्ल्समा समान १६-१६ तथा स्टाफमा ८ टिम गरी ६४ टिम सहभागी छन् । प्रतियोगिता आइतबार सम्पन्न हुनेछ ।

# फुटबल मैदान छ, प्रतियोगिता छैन

**धनबहादुर गुरुङ/रासस**
अन्नपूर्ण, ६ साउन

कास्की जिल्ला फुटबल संघ (एन्फा) कास्कीका पूर्वअध्यक्ष खेम गुरुङलाई पोखरा रंगशालास्थित फुटबल मैदान चिरीच्याट्ट बनेकामा निकै खुसी छन् । तर भव्य रंगशालामा खेल गतिविधि कम हुँदा चिन्तित छन् । उहाँपोखरा रंगशालामा तुलनात्मक रुपमा फुटबल गतिविधि कम भएको बताउँछन् ।



'पोखरा रंगशाला ठूला-ठूला प्रतियोगिता आयोजना गर्न सक्षम बनेको छ तर प्रतियोगिता साह्रै कम भयो,' एन्फा कास्कीका पूर्वअध्यक्ष गुरुङ भन्छन्, 'कास्की एन्फा सुस्ताएको जस्तो देखियो ।' यतिको राम्रो मैदानमा फुटबलको मौसम ल्याउन सक्नुपर्ने उनको सुझाव छ । उनले भने, 'अहिले सहारा क्लब पोखराको आयोजनामा आहारारा गोल्डकप हुन्छ तर भव्य रंगशाला एन्फाबाट कुनै कार्यक्रम नभएकाले रंगशाला भए-नभएको कुनै फरक छैन ।'

आन्तरिक प्रतियोगिता गर्दै अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि पहल गरिनुपर्ने पूर्वअध्यक्ष गुरुङको भनाइ छ । गण्डकी प्रदेशकै उत्कृष्ट रंगशाला कास्कीमा भएकाले कास्की एन्फा चलायमान हुनुपर्ने गुरुङले बताए । एन्फा कास्कीको पोखरा गोल्डकप नभएको धेरै वर्ष भइसक्यो । यसको निरन्तरतामा पनि एन्फा कास्कीले कुनै धारणा सार्वजनिक गर्न सकेको छैन ।

सवा अर्ब लागतमा निर्माण भएको पोखरा रंगशाला चिरीच्याट्ट छ । भित्री र बाहिरी संरचना हेर्दा युरोपियन देशको भन्दा कम छैनन् । उत्तरतिरका हिमालले यसको सुन्दरता झनै बढाएको छ । यो मैदानमा खेलेर आनन्द लिने धेरैको रहर र सपना हुन्छ । यद्यपि यति बजोडको रंगशालामा नगन्य प्रतियोगिताले धेरैको सपना पूरा हुन सकेको छैन । यहाँमा गत आव २०७९/८० मा आठ वटा मात्र प्रतियोगिता भए ।

कास्की जिल्ला फुटबल संघ (एन्फा) कास्की अध्यक्ष उज्ज्वल रञ्जितका यस वर्ष आठ मात्र प्रतियोगिता भएका छन् । नवौं राष्ट्रिय खेलकुदअन्तर्गतको पुरुष फुटबल प्रतियोगितासँगै आहार ारा गोल्डकपलाई यहाँ भएको ठूलो प्रतियोगिताका रुपमा लिन सकिन्छ । यसबाहेक स्पेनिस फुटबल क्लब काथेरेन्यो सिपी र गण्डकी प्रदेशबीचको मैत्रीपूर्ण खेललाई अन्तर्राष्ट्रिय प्रतियोगिताका रुपमा हेरिएको छ । योसँगै सङ्गम क्लबको आयोजनामा क्लबस्तरीय फुटबल प्रतियोगिता, प्याब्सन र एनप्याब्सनको खेल, गण्डकी विश्वविद्यालयको जियु कप र पोखरा महानगरको वडाकप प्रतियोगिता यहाँ भए ।

एन्फा कास्की अध्यक्ष उज्ज्वल रञ्जित भने आफूहरुलाई जिम्मेवारी नदिँदा व्यवस्थापनमा समस्या परेको बताउँछन् । पश्चिमाञ्चल खेलकुद परिषद् व्यवस्थापनको काम हेरिरहेकामा एन्फा कास्कीलाई केही जिम्मेवारी हुनुपर्ने अध्यक्ष रञ्जित भनाइ थियो । 'यसलाई कास्की जिल्ला फुटसंघ मातहतमा राख्न सक्नुभयो भने मर्मतदेखि अरु कुरा हाम्रो संरक्षणमा राख्न सक्छौं भनी पश्चिमाञ्चल क्षेत्रीय खेलकुदमा कुरा राख्दा आफ्नो मातहतमै आएको छैन,' अध्यक्ष रञ्जितले भने, 'निर्माण कम्पनीसँग बुझ्दा हामीले दिइसक्यौं हामीले अब केही मर्मत गर्दैनौं भन्छ ।'

एन्फा कास्कीले रंगशालामा बनेको फुटबल मैदानमा केही काम गरेको अध्यक्ष रञ्जितले बताए । 'संघले पोखरा रंगशालाको वैकल्पीक फुटबल मैदानको तारवार लगाउने काम पनि सम्पन्न गरेको छ,' अध्यक्ष रञ्जितले भने, 'प्रतियोगिताको कुरा गर्दा जिल्ला संघले अखिल नेपाल फुटबल संघ केन्द्रीय कार्यालयको वार्षिक तालिकाअनुसार कार्य गर्ने जानकारी गराउँदछौं ।' एन्फा कास्कीले नियमित ग्रासरुट फुटबल ट्रेनिङ सेन्टर सञ्चालिन गरी ९० जनाभन्दा बढीलाई प्रशिक्षण दिइरहेको अध्यक्ष रञ्जितले जानकारी दिए । रंगशाला संरक्षणको लागि जिम्मेवारी लिन राष्ट्रिय खेलकुद परिषद्सँग समन्वय गरिरहेको उनले बताए ।

रंगशाला हस्तान्तरण राष्ट्रिय खेलकुद परिषद्लाई भइसकेकाले आफूहरु मातहत आएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समिति कार्यालय प्रमुख लक्ष्मण योगीले जानकारी दिए । 'केन्द्रमा राखेपमा हस्तान्तरण भइसकेको छ । केन्द्रमा भएपछि हामीलाई पनि भयो भनौं न,' कार्यालय प्रमुख लक्ष्मण योगीले भने । खेलकुदका केही ठूला योजना केन्द्र आफैंले हेर्ने गरेकाले पोखरा रंगशाला पनि सोही समूहमा पर्ने भएकाले एन्फा कास्कीलाई दिने अहिलेसम्म सल्लाह नभएको प्रमुख योगीले स्पष्ट पारे ।

विसं २०७५ पुस १३ मा निर्माण सम्झौता भई १६ फागुनमा शिलान्यास पोखरा रंगशाला चार वर्षमा निर्माण पूरा भएको हो । राष्ट्रिय खेलकुद परिषद्ले एक अर्ब २८ करोडमा निर्माण सम्झौता गरेकोमा निर्माण पूरा हुँदासम्म छ पटकसम्म म्याद थप गरिएको थियो । सोह्र हजार पाँच सय सिट क्षमताको रंगशालाको पूर्वीभागमा पाँच हजार दुई सय ६८, पश्चिममा तीन हजार आठ सय १४, उत्तरमा तीन हजार चार सय ४४ र दक्षिणमा तीन हजार छ सय ९० सिट जडान गरिएको छ ।

त्यसैगरी अतिविशिष्ट कक्षमा २८, विशिष्ट कक्षमा दुई सय २८ तथा अशक्तका लागि २८ सिट जडान गरिएका छन् । फुटबल मैदान, खेलाडी चेञ्जिङ रुम, एथ्लेटिक्स ट्र्याक, तथा मिडिया सेन्टर, हल, शौचालय, प्यारापिटको पश्चिमको विशिष्ट कक्षमा छानोलगायत पूर्वाधार निर्माण भएका छन् ।


## UAE मा वैदेशिक रोजगारको अवसर

१ कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1 शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/03/२३ चलानी नं.: ६०१८२७४0 LT. No.: 266794 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७१,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SANED FACILITY MANAGEMENT L.L.C. शहर: UAE
पूर्व स्वीकृत मिति: २०७८/११/२२ चलानी नं.: ६०१७५४६४ LT. No.: 259125 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 25 | 25 | सम्बन्धित काममा दक्ष | 800 | २८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 100 | 30 | | 1600 | ५७,०४० | | | | | | | |

३. कम्पनी: BARARI NATURAL RESOURCES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०३/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ साउन ११ गते (27 July 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०
Jhapa Birtamod :- ०२३-५४३७८४ ,९८१६९१५२८६, ९८२३१४५९५४
Email: futurestarmp397@gmail.com



## साउदीमा रोजगार

कम्पनी : BASMAH TRADING & CONTRACTING EST.
शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति: २०७९/०७/२५ चलानी नं.: ६०१९३११३ L.T. No.: 277537 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,८०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Road Maintenance Labor | 3 | 0 | | 1000 | ३४,८९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा मिति २०८० साउन १४ गते (30 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com



## मलेसियामा रोजगार

कम्पनी : SY POLYMER INDUSTRIES SDN BHD
शहर: Malaysia, Taman Mutiara
पूर्व स्वीकृत मिति: २०७९/०५/२० चलानी नं.: ६०१८७७४१ L.T. No.:271923 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 8 | 0 | स. काममा दक्ष | 1500 | ४३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन १४ गते (30 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Elmira Manpower Service Pvt. Ltd.
License No.: 1067/073/074
P .Box: 9883, Basundhara, Kathmandu, Nepal
Tel: 014963814/ 015909815, Fax : 4016788,
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com

**भनिन्छ, 'असम्भव भन्ने केही छैन' । संघर्ष, मिहिनेत र धैर्यता गर्न सकियो भने हरेक क्षेत्रमा सफलता सम्भव छ । यसैको एक उदाहरण हुन्, फेसन डिजाइनर कल्पना योङहाङ लिम्बू । निरन्तर मिहिनेत र संघर्षले कल्पना 'सफल महिला उद्यमी' बन्न सफल भएकी छन् । १५ हजार रूपैयाँ ऋण काढेर एउटा हाते तानबाट व्यवसायी शुरू गरेकी कल्पना अहिले करिब ८ करोडभन्दा बढीको मालिक बनेकी छन् । 'द हाइल्याण्ड आर्ट फेसन डिजाइनिङ एण्ड ट्रेनिङ'का सञ्चालक कल्पना भन्छिन्, 'मेरो यो प्रोपर्टी भनेको मिहिनेत र संघर्षको फल हो । यहाँसम्म आइपुग्न धेरै रगत पसिना बगाएकी छु ।' २०६४ सालबाट औपचारिक रूपमा ढाका कपडा तथा पहिरन व्यवसाय शुरू गरेकी कल्पनाले आफूलेमात्र कमाएकी छैनन्, सयौं बढीलाई राजेगारीसमेत दिएकी छन् । ढाकाविद्को रूपमा पहिचान बनाएकी कल्पनाकै परिकल्पना र मिहिनेतले अहिले नेपाली ढाका कपडा तथा पहिरन विश्वव्यापी बनेको छ । उद्यमी कल्पना भन्छिन्, 'अहिले नेपाली जहाँ जहाँ पुगेका छन्, त्यहाँ ढाका कपडा र पहिरन पुगेको छ ।' वि.सं.२०१९ सालमा पाँचथरको थर्पुमा जन्मेकी कल्पना ढाकाविद् पनि हुन् । प्रस्तुत छ, लोकप्रिय कलाकर्मीहरूलाई सित्तैमा आफ्नो उत्पादन दौरा सुरूवाल, कोट उपलब्ध गराउँदै आइरहेकी उद्योमी एवम् फेसन डिजाइनर कल्पना योङहाङ लिम्बूसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको कुराकानीको सम्पादित अंश :**



# 'सफलताको सूत्र मिहिनेत नै हो'

**कल्पना योङहाङ**, फेशन डिजाईनर

**अहिले नेपाली ढाका पहिरनको बजार कस्तो छ ?**

पछिल्लो समय ढाका पहिरन कमन फेसन भइसकेको छ । अहिलेका युवापुस्ता पनि फेसन कन्सस छन् । त्यससँगै फेसन बजार मौलाएको छ । जसमा नेपाली ढाका (हाते तानबाट बुनेको) पहिरनको बजारको दायरा पनि फराकिलो हुँदै गएको छ ।

**तपाईं ढाकाविद् एवम् सफल महिला उद्यमी हुनुहुन्छ । यो ढाकाबाटै पाएको उपलब्धि हो ?**

हो, मेरो मुख्य व्यवसाय भनेकै ढाका हो । ढाका कपडा र पहिरनको व्यवसायी शुरु गरेको करिब दुई दशक पुग्यो । मैले औपचारिक रुपमा २०६४ सालमा 'द हाईल्याण्ड आर्ट फेसन डिजाइन एण्ड ट्रेनिङ' कम्पनी दर्ता गरेर ढाका व्यवसाय शुरु गरेकी हुँ । हुन त त्यसअघि पनि ढाकाबारे थाहा थियो । गाउँघरमा बाजेबज्यैको पालादेखि नै ढाका बुन्दै आएकी हुँ ।

**पहिलोपटक काठमाडौं केका लागि आउनुभएको थियो ?**

२०३५ सालमा घुम्नलाई आएकी थिएँ । केही महिना घुमेपछि फेरि गाउँ गएँ । त्यसपछि संघर्ष शुरु भयो । र, गाउँबाट मोरङ झरें । त्यसपछि २०४७ सालमा फेरि काठमाडौं आएँ । त्यसपछि यतै छु ।

**तपाईंमा ढाका व्यवसाय गर्ने सोच कसरी आयो ?**

यो व्यवसाय गर्नको लागि शुरुमा आमाबाट प्रेरणा पाएँ । आमाकै त्यो प्रेरणाले काठमाडौंको जोरपाटीमा आफू अनुकूल एउटा तान राखेर व्यवसाय शुरु गरेकी हुँ ।

**ढाका उद्यममा कति लगानी गरेर शुरुवात गर्नुभयो ?**

१५ हजार रुपैयाँ ऋण काढेर एउटा तानबाट ढाका व्यवसाय शुरु गरेकी हुँ । ढाका कपडा पहिरन लिम्बू समुदायको संस्कृति र मुन्धुमसँग जोडिएकाले पनि संरक्षण र प्रवर्द्धन गर्ने हेतुले ढाका व्यवसाय शुरु गरेकी हुँ । तर ढाका व्यवसायलाई बृहत् रुपमा बढाउँदै जाने सोच भने थिएन । तर काम गर्दै जाँदा ढाका व्यवसायलाई विस्तार गर्दै गएँ ।

**अहिले कम्पनीको चुक्ता पुँजी कति पुऱ्याउनु भएको छ ?**

अहिले त ८ करोडभन्दा माथि पुग्यो । पहिले दुई वटा तानबाट सञ्चालन गरें । अहिले एक सयको हाराहारीमा तान राखेकी छु । आफैले कपडा उत्पादनदेखि पहिरन डिजाइनिङसम्म गर्दै आएकी छु । कडा मिहिनेत र संघर्षले कम्पनी यहाँसम्म ल्याएकी हुँ । एक किसिमले भन्ने हो भने मेरो जीवन नै ढाकाका लागि समर्पित गर्दै आएकी छु ।

**उद्यममा अहिले कति मान्छेहरुलाई रोजगार प्रदान गर्नुभएको छ ?**

अहिले खासै धेरै छैनन् । कोरोना महामारी अघिसम्म त दुई सयभन्दा बढी थिए । दैनिक लाखौंको कपडा र पहिरन तयार हुन्थ्यो । तर कोरोना महामारीले एकैपटक व्यापार ह्वात्तै घट्यो । अहिले आएर पुनः व्यापार बढ्दै गएको छ । कामदार पनि थप्दै जाँदैछु ।

**तपाईंको कल्पना ढाका बुटिक पनि छ, होइन त ?**

हो, तर त्यो द हाईल्याण्ड आर्ट फेसन डिजाइन एण्ड ट्रेनिङ अन्तर्गत नै हो । आफूले उत्पादन गरेको ढाका कपडाबाट बनेको पहिरनहरु प्रदर्शन गर्ने स्थान अर्थात् शोरुमका लागि कल्पना ढाका बुटिक सञ्चालन गरेकी हुँ । शुरुमा घरमै थियो । त्यसपछि बौद्धमा राखें । अहिले चाबहिल चुच्चेपाटीमा कल्पना ढाका बुटिकको शोरुम राखेकी छु । त्यहीँबाट ग्राहकले चाहेअनुसारको ढाका पहिरन उपलब्ध गराउँदै आएकी छु ।

**तपाईंले ढाका शुरु गर्दा अरु के कतिले यस्तो व्यवसाय गरिरहेका थिए ?**

व्यावसायिक रुपमा थिएन । फाट्टफुट्ट चाहिँ थियो । त्यो समयमा ढाका कपडाको व्यापार गर्न निकै गाह्रो थियो । शुरुमा ढाकाको कपडा लिएर बजारमा बिक्रीका लागि जाँदा कपडा फ्यालिएका नमिठो अनुभव पनि मसँग छ । पछि तिनै मानिस सामानको अर्डर दिन आए । पहिला मैले बजार खोज्दै भौतारिनुपऱ्यो । तर, इख लिएरै काम गरेकाले अहिले बजारले मलाई खोज्दै आएको छ । विश्वास नजित्दासम्म बजार लिन गाह्रो थियो । अहिले अर्डरअनुसार पुऱ्याउन नै कठिन छ ।

**तपाईंले पहिलो ढाकाविद्को रुपमा पहिचान बनाउनु भएको छ, कसरी लिनुभएको छ यो पहिचानलाई ?**

सबै समुदायमा त भन्दिनँ, तर लिम्बू समुदायमा चाहिँ पहिलो नै हुँ । ढाकाविद् हुन सजिलो कुरा पनि होइन । मैले ढाकाबारे लगातार १० हजार घण्टा अध्ययन गरेकी छु । त्यसमा प्राक्टिकल र थ्यौरी दुवै पर्छ । त्यसो त तान कसरी लगाउने, ढाका कपडा कसरी बुनिन्छ भन्ने थाहा थियो । तर ढाका भनेर मात्र हुँदैन । ढाका लिम्बूहरुको मुन्धुमसँग पनि जोडिएको छ । तर, अभ्यासमा भने त्यो आउँदैन ।

**तपाईंले ढाका बुट्टा पनि सिर्जना गर्नुहुन्छ ?**

गर्छु । तर ढाका बुट्टा मुन्धुम र लिम्बू संस्कृतिसँग जोडिएको छ । ढाकाको इतिहास हेर्ने हो भने बुट्टा काल्पिनिक हुन् । ढाका बुनिरहेका बेला कल्पनामा जे आउँछ, त्यो बुट्टा बनाउने हो । जस्तै, डमरु, राति हो भने आकाश देखिने 'तारा', मुडामा बसेको छ भने 'मुडा' नै बुट्टा बनाउने चलन थियो । तर अहिले समय आधुनिक आएकोले स्केच गरेर पनि गर्न थालिएको छ । जो मैले पनि गर्दै आएकी छु । ढाकाको बुट्टा ठ्याक्कै यस्तै हुनुपर्छ भन्नेचाहिँ छैन ।

**ढाका कपडा प्रवर्द्धन गर्ने तपाईंको मुख्य उद्देश्य हो ?**

संस्कृति जोगाउने र नेपाली उत्पादनलाई विश्वसामु चिनाउने मेरो मुख्य उद्देश्य हो । त्यसैले शुरु शुरुमा उपहारको रुपमा धेरै बाँडे पनि । जसले गर्दा प्रचार होस् भन्ने मेरो सोच हो । प्रचारप्रसारका लागि विज्ञापन भने खासै गरेको छैन । सेलिब्रेटीले गर्ने फेसन शोबाहेक व्यवसाय प्रवर्द्धनको मुख्य माध्यम फेसबुक नै हो । फेसबुक पेजमा पोस्ट गरेपछि त्यहीँबाट अर्डर आउने गरेको छ । साथै अनलाइन सपिङमार्फत व्यवासय शुरु गरेकी छु ।

**तपाईंले डिजाइन गर्नुभएको ढाका पहिरन सेलिब्रेटीमाझ लोकप्रिय छ होइन ?**

हो, मैले बनाएको ढाका पहिरन तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीदेखि बलिउड र हलिउडसम्मका सेलिब्रेटीले लगाएका छन् । मैले डिजाइन तथा उत्पादन गरेका ढाकाका पहिरन म्युजिक भिडियो र चलचित्रमा पनि प्रयोग भइरहेको छ । सन् २०१४ की मिस नेपाल सुविना लिम्बूले मिस वर्ल्डमा सहभागी हुँदा मैले नै मेख्ली तयार गरिदिएकी थिएँ ।

**आफ्नो व्यवसायको सफलता देखेर कस्तो लागिरहेको छ ?**

एकदमै खुसी छु । साधारण क्याजुयल ड्रेसदेखि, पार्टी वयेर, कल्चरल तथा फसेनेबल ड्रेसहरु विदेशमा बस्ने नेपालीले रुचाएका छन् । मेरो कला, सीप र सिर्जनालाई मन पराएर माया गरिदिनु भएको छ । म यसैमा खुसी र आभारी छु ।'

**राज्यले गर्नुपर्ने काम तपाईंले गर्नुभएको छ । सरकारबाट केही सहयोग पाउनुभएको छ ?**

आर्थिक सहयोग केही पाएकी छैन । तर मानसम्मानहरु भने राज्यले दिएको छ । सन् २००९ मा 'उत्कृष्ट महिला उद्यमी'का रुपमा राज्यले सम्मान गरेको थियो । त्यस्तै, चौथो जनसेवा पदकबाट राज्यले विभूषित गरेको छ ।

**यस्तो कार्यमा सरकारले अनुदान तथा सहयोग पनि उपलब्ध गराउने गर्छ भनिन्छ, तपाईंले राज्यको तर्फबाट के-कस्तो सहयोग पाउनुभएको छ ?**

सरकारले अनुदान दिन्छ रे भन्नेसम्म सुनेकी छु । तर कहाँ पाइन्छ थाहा छैन । मैले संघर्ष गरेर व्यवसाय सञ्चालन गरेकी छु, अहिलेसम्म राज्यबाट एक पैसा पनि सहयोग पाएको छैन । सहुलियत कर्जा त आदर्शका कुरा हुन् । ऋण लिन पनि सहज छैन । साथै कपास विकास बोर्ड छ, तर काम छैन । ढाका कपडा बुन्नलाई कपास भारतबाट आयात गर्नुपर्छ । तर, अहिले सरकारले कपासमा पनि कर लगाएको छ । त्यसमा मेरो आपत्ति छ । कपासमा लगाएको कर फिर्ता लिन म सरकारसँग आग्रह गर्दछु ।

**यो व्यवसायमा चुनौती कतिको छ ?**

विश्व बजारमा पछिल्लो समय थरिथरीका फरक प्रकारका वस्तुहरूले प्रवेश गरिरहेको छ । ट्रेडमार्क लिइसकेको भएपनि कतै डुब्लिकेशन हुने वा कम गुणस्तरको सामानको थिचोमा पर्ने त होइन भन्ने ठूलो डर पनि छ । यस्ता समस्यासँग जुध्न उद्यमी आफैं सजग र होसियार हुनुपर्छ । प्रतिस्पर्धाको नाममा पछिल्लो समय ढाकालाई समेत बिगार्न लागिएको छ । त्यसैले, नेपाली पहिचान बोकेको ढाका कपडाको बजार गुम्ने पो होकी भन्ने चिन्ता पैदा भएको छ ।

## मेलम्चीको चालुभन्दा पुँजीगत खर्च बढी

# कुल बजेटको ८०.७६ प्रतिशत खर्च गर्न सफल

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ६ साउन ।



सरकारले विकासका लागि छुट्टयाएको बजेटको ठुलो हिस्सा प्रत्येक वर्ष खर्च हुन नसकेको देखिन्छ । नेपालमा चालु खर्च बढी र पुँजीगत खर्च कम भयो भनेर हरेक बर्ष आलोचना पनि हुँदै आएको छ । तर, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाले भने चालु भन्दा पुँजीगत खर्च बढी गरेको छ । नगरपालिकाले चालु भन्दा पुँजीगत खर्च बढी गरेको मेलम्ची नगरपालिकाका लेखा अधिकृत मुरारी पुडासैनीले बताए ।

आर्थिक वर्ष २०७९/०८० मा नगरपालिकाको तर्फबा विनियोजित चालु तर्फको बजेटमा ८०.६७ प्रतिशत रकम खर्च भएको छ भने पुँजीगत तर्फ विनियोजित रकमको ८०.७६ प्रतिशत खर्च भएको अधिकृत पुडासैनीले जानकारी दिए । नगरपालिकाले आर्थिक वर्ष २०७९/०८० मा चालुतर्फ ९५ करोड ३ लाख १९ हजार विनियोजन गरेकोमा ७६ करोड ६६ लाख ५० हजार खर्च गरेको छ । त्यस्तै, पुँजीगत तर्फ ७८ करोड ५३ लाख ३२ हजार खर्च भएको छ । यसरी हेर्दा नगरपालिकाले चालुभन्दा पुँजीगत खर्च बढी गरेको देखिन्छ ।

मेलम्चीले आर्थिक वर्ष २०७८/०७९ मा चालुतर्फ ७६.१६ प्रतिशत र पुँजीगत तर्फ ५४.२ प्रतिशत मात्रै खर्च गरेको थियो भने गत आव २०७९/०८०मा भने उल्लेख्य सुधार गरेको प्रमुख प्रशासकीय अधिकृत अमृतकुमार धितालले जानकारी दिए । देशभरीकै संघ, प्रदेश र स्थानीय तहको बजेटमा चालु भन्दा पुँजीगत खर्च बढी गर्ने भनिएपनि अझैसम्म कार्यान्वयन हुन सकेको छैन । तर, मेलम्ची नगरपालिकाले यसलाई कार्यान्वयनको प्रयास गरेको छ ।

गत आर्थिक बर्षमा संघीय सरकारको चालुतर्फ ८५, पुँजीगततर्फ ६१ दशमलव ४४ र वित्तीय व्यवस्थातर्फ ८२ दशमलव ५८ प्रतिशत बजेट खर्च भएको महालेखा नियन्त्रक कार्यालयको तथ्यांकबाट देखिन्छ । नगरपालिकाका प्रमुख आइतमान तामाङले समीक्षा बैठकमा आफ्नो कार्यकालको पहिलो बर्षमा यो उपलब्धि हासिल भएकोमा खुसी प्रकट गर्दै सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुमा धन्यवाद व्यक्त गरेका छन् ।

उनले आगामी बर्षमा चालुभन्दा पुँजीगत खर्च बढाउनका लागि नगरपालिका लागी परेको समेत बताएका छन् । यो उपलब्धी हासिल गर्नका लागि नगरपालिकाका जनप्रतिनिधिहरु, सम्पुर्ण शाखाका कर्मचारी, इन्जिनियर तथा प्राविधिक टोली, उपभोक्ता समिति लगायतको निरन्तर प्रयासबाट मात्र सम्भव भएको नगर उपप्रमुख उमा प्रधानले बताइन् ।

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्सद्वारा मुक्तिनाथ पुरस्कृत

**काठमाडौं/मस** - नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले हरेक बर्ष नेपाल वित्तीय प्रतिवेदनमान प्रणाली अन्तर्गत वित्तीय विवरण प्रकाशन गर्ने उत्कृष्ट संस्थाहरुलाई प्रदान गर्दै आएको गरिमामय राष्ट्रिय उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुत पुरस्कारमा विभिन्न विधाहरुमध्ये वित्तीय क्षेत्र तर्फ आर्थिक वर्ष २०७८/०७९ को लागि मुक्तिनाथ विकास बैंक सम्मानित भएको छ । सो पुरस्कारबाट मुक्तिनाथ बैंक आर्थिक वर्ष २०७५/०७६ , २०७६/०७७ , २०७७/०७८ र २०७८/०७९ गरी लगातार चौथो पटक पुरस्कृत भएको हो ।



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले बेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड विभिन्न ४ विधामा प्रस्तुत गरेको थियो । विधाहरुमा १. बैंकिङ क्षेत्र (बाणिज्य बैंक समूह) २. वित्तीय क्षेत्र (अन्य सम्पूर्ण वित्तकार्य गर्ने कम्पनीहरु) ३. शक्ति र उर्जा क्षेत्र ४.निर्माण क्षेत्र रहेका छन् । विकास बैंक र वित्त कम्पनीहरु मध्येबाट मुक्तिनाथ विकास बैंकले वित्तीय क्षेत्र विधाको सर्वोत्कृष्ट पुरस्कार प्राप्त गरेको हो ।

गत शुक्रबार काठमाडौंमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संस्थाको नवनिर्वाचित अध्यक्ष र उपाध्यक्षको सपथ ग्रहण समारोहमा उक्त पुरस्कार प्रदान गरेको थियो । उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुतगरे वापत बैंकलाई दिईने उक्त पुरस्कारलाई अति प्रतिष्ठित पुरस्कार मानिने गरिएको छ ।

# एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड १९औं वर्षमा प्रवेश

**काठमाडौं/मस** - एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडले वित्तीय कारोवार संचालन शुरुवात गरेको अवधि १८ बर्ष पुरा गरी २०८० साउन गतेबाट १९ वर्षमा प्रवेश गरेको छ । बैंकले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा साउन ५ गतेका दिन विरामीहरुको उपचारमा सहयोग पुर्याउने हेतु बैंकको केन्द्रीय कार्यालय रहेको स्थान विर्तामोड, झापामा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा शुभेच्छुक व्यक्तिहरु, संघ संस्थाका पदाधिकारीहरु, बैंकका कर्मचारीहरुबाट ५३ पिन्ट रगत संकलन




गरी रेडक्रस सोसाइटी, उपशाखा विर्तामोड झापालाई प्रदान गरिएको थियो बैंकले जनाएको छ । त्यस्तै, साउन ६ गते वार्षिक उत्सवका दिन विहान ७.३० बजे बैंकको केन्द्रीय कार्यालय रहेको स्थान विर्तामोड, झापामा विभिन्न वित्तीय चेतनामूलक प्लेकार्डहरु सहित प्रभात फेरी कार्यक्रम सम्पन्न गरिएको थियो भने वार्षिकोत्सव कार्यक्रम औपचारिक रुपमा विर्ता पार्टी प्यालेस, लक्ष्मण मार्केट, विर्तामोड, झापामा आयोजना गरिएको थियो । प्रादेशिक विकास बैंकको रुपमा झापा जिल्लाको विर्तामोडमा केन्द्रीय कार्यालय रहेको बैंकले हाल झापा, इलाम, मोरङ, सुनसरी र पाँचथरका विभिन्न ४४ स्थानमा अवस्थित आफ्ना शाखा कार्यालयहरु मार्फत बैंकिङ सेवा प्रदान गर्दै आइरहेको छ ।

उदयपुरको रामपुरमा केहिदिन भित्रमा नयाँ शाखा संचालनमा आउनेछ । बैंकले आफ्नो सेवा विस्तार गर्दै कोशी प्रदेश कार्यक्षेत्र भित्रका अन्य जिल्लाहरुमा समेत थप नयाँ शाखाहरु स्थापना गर्ने लक्ष्य लिएको छ । सञ्चालक अमितकुमार अग्रवालको अध्यक्षतामा आयोजित प्रमुख अतिथि नगरप्रमुख पवित्रा महतारा प्रसाई रहेको सो कार्यक्रममा बैंकका पुर्व अध्यक्ष हेमराज ढकाल र पूर्व प्रबन्ध संचालक खगेन्द्रनाथ ढुंगानालाई सम्मान गरिएको थियो । बैंकका कम्पनी सचिव श्याम बहादुर बोहोराले संचालन गरेको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत डा. ईन्द्रकुमार कट्टेलले स्वागत मन्तव्य सहित बैंकका वर्तमान गतिविधिहरुको वारेमा मन्तव्य राखेका थिए ।

बैंकका संस्थापक शेयरधनी डा. रुपक खनाल, सहारा नेपाल बचत तथा ऋण सहकारी संस्थाका प्रमुख कार्यकारी अधिकृत महेन्द्र कुमार गिरी, नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका पूर्व अध्यक्ष रामचन्द्र उप्रेती, मारवाडी सेवा समिति बिर्तामोडका अध्यक्ष मोहन मित्तल, नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय कार्यकारिणी सदस्य उमेश डालमिया, पूर्व प्रबन्ध सञ्चालक खगेन्द्र ढुंगाना, पूर्व अध्यक्ष हेमराज ढकाल, बिर्तामोड न.पा.का नगर प्रमुख पवित्रा महतारा प्रसाई लगायतले बैंकको उन्नती तथा प्रगतीका लागि शुभकामना मन्तव्य राखेका थिए । साथै, वार्षिकोत्सवको अवसरमा बैंकले वातावरणीय स्वच्छताका लागि प्रभावकारी हुने कृषि उत्पादन, वातावरण मैत्री उद्योग लगायत विद्युतीय सवारी साधनहरुको प्रवर्द्धन गर्नको लागि इडिबिएल ग्रिन लोनको शुरुवात गरेको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरु
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**